का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक २८५
- १६ पुस २०७६, बुधबार
- 1 January 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



**ल्होसारको रौनकः** मंगलबार गुरूङ समुदायले धुमधामका साथ तमू ल्होसार मनाएका छन् । तमू ल्होसार मनाउन सांस्कृतिक भेषभुषा र राष्ट्रिय झण्डा सहित टुडिखेल आइपुगेका किशोरीहरू । *तस्वीरः रासस*

# अडानले बन्धक संसद

सभामुख को हुने भन्ने विषयमा सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा सहमति जुट्न नसक्दा लगातार प्रतिनिधिसभा बैठक स्थगित हुँदै आएको छ । मंगलबार समेत सहमति नजुट्दा पुस २७ सम्मलाई बैठक स्थगित गरिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस

४ पुसबाट शुरु भएको प्रतिनिधिसभा बैठक लगातार स्थगित हुँदै आएको छ। उपसभामुख शिवमाया तुम्बाहाङ्फेले राष्ट्रपति विद्यादेवी भण्डारीले पठाएको पत्र पढेर सुनाए पछि प्रतिनिधिसभा बैठकले थप काम गर्न सकेको छैन। कार्य व्यवस्था परामर्श समितिमा दलहरुबीच सभामुख चयन गरेरै थप विजनेश अगाडि बढाउने सहमति भयो ।

त्यसैअनुसार, उपसभामुख तुम्बाहाङ्फेले बैठक पुस ११ गतेसम्मका लागि स्थगित गरेका थिइन् । पुस ११ गते अगाडि नै उपसभामुख तुम्बाहाङ्फेले राजीनामा बुझाउने र जेष्ठ सदस्य महन्थ ठाकुरले त्यस दिनको बैठक सञ्चालन गर्ने सहमति समेत भएको थियो । तर, पुस ११ गते बैठक बसेन। यसको कारण भने सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा कसलाई सभामुख बनाउने र कुन दललाई उपसभामुख दिने भन्नेबारे सहमति जुट्न नसक्नु नै हो ।


पुस ११ गते बस्न नसकेको बैठक पुस १६ गतेका लागि सुचना टाँस गरेर स्थगित गरिएको थियो । यसपछि नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल बीच लगातार छलफल भयो । तर, मंगलबार बिहानसम्म भएको छलफलले कसलाई सभामुखको उम्मेद्वार बनाउने भन्नेमा सहमति जुट्न नसके पछि बैठक पुस २७ मा बस्नेगरी स्थगित गरिएको छ।

संसद सचिवालयकै कर्मचारीलाई बलात्कार प्रयास गरेको आरोपमा कृष्णबहादुर महराले सभामुख पदबाट राजीनामा









दिएका थिए । महराको राजीनामा सँगै सभामुख पदमा कसलाई उम्मेद्वार बनाउने भन्नेमा नेकपामा सहमति जुट्न सकेको छैन । तत्कालीन एमालेले सुवास नेम्वाङलाई उम्मेद्वार बनाउने तयारी गरेको छ भने उपसभामुख शिवमाया तुम्बाहाङ्फेले समेत दावी छोडेकी छैनन्। अर्कातिर, तत्कालीन माओवादी केन्द्रले आफ्नो भागमा परेको सभामुख पदमा आफूले नै उम्मेद्वार बनाउन पाउनुपर्ने अडान राखेको छ। माओवादी तर्फ समेत उम्मेद्वारमा सहमति जुट्न सकेको छैन। अध्यक्ष दाहालले अग्नी सापकोटालाई अगाडि बढाउन चाहेका छन् भने अहिलेका प्रमुख सचेतक देव गुरुङको पनि बलियो दावी छ। नेकपामा जुट्न सहमति जुट्न नसक्दा प्रतिनिधिसभा बैठक भने बन्धक बन्दै आएको छ।

### मन्त्री अर्यालको जवाफ

# विभागलाई रोक्यो भारतले

**मध्यान्ह संवाददाता**
काठमाडौं/१५ पुस-

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा अर्यालले कालापानी क्षेत्रमा नापनक्सा गर्न गएको नापी विभागको टोलीलाई भारतले रोकेको बताएकी छन् । संघीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको बैठकमा मन्त्री अर्यालले भारतले रोक लगाएसँगै नाप नक्साको काम स्थगित भएको बताइन्। कुटनीतिक तहबाट कुरा गरी समाधान निस्केपछि काम अगाडी बढाउने उनको भनाइ छ।

मन्त्री अर्यालले अहिलेसम्मको कुनै पनि नेपाली नक्सामा लिम्पियाधुरा नसमेटिएको बताएकी छिन् । कालापानी र लिपुलेक नेपाली नक्सामा अहिले पनि रहेको र लिम्पियाधुरासहित नक्सा अहिलेसम्म प्रकाशनमा नआएको उनले बताइन् ।

समितिले नेपालको नयाँ नक्सा जारी गर्न सरकारलाई निर्देशन दिएको छ । मंगलबार बसेको समिति बैठकले नेपालको अतिक्रमित भूभाग खाली गराएर ती स्थान समेत समेटेर नयाँ नक्सा जारी गर्न सरकारलाई निर्देशन दिएको हो ।

गृहमन्त्री रामबहादुर थापा बादल, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, भूमिसुधारमन्त्री पदमा अर्याललगायतसँग छलफल गरी समितिले अतिक्रमित भूमि खाली गराउन निर्देशन दिएको हो। त्यस्तै



अतिक्रमित भूमिसमेत समेटेर नयाँ नक्सा जारी गर्न र त्यसलाई सरकारी कामकाज र शिक्षण संस्थाका उपयोग गर्न निर्देशन दिएको सांसद भीम रावलले जानकारी दिए ।

यसअघि संसदको राज्य व्यवस्था समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समितिले पनि सरकारलाई अतिक्रमित भूमि समेटेर नयाँ नक्सा सार्वजनिक गर्न निर्देशन दिएको थियो । अतिक्रमणमा परेका स्थान नजिक आवश्यकताअनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी सबै मौसममा बस्न सक्ने गरी सुरक्षा चौकी निर्माण गरी तैनाथ गर्न पनि समितिले निर्देशन दिएको छ। त्यसका लागि आवश्यक जग्गा र बजेट उपलब्ध गराउन पनि समितिले निर्देशन दिएको छ ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायत अतिक्रमणमा परेका क्षेत्रमा नेपालको नियन्त्रण सुदृढ गर्न, आफू मातहतमा ल्याउन र विदेशी फौज हटाउने विषयमा प्रभावकारी वार्ता गर्न पनि सरकारलाई निर्देशन दिएको छ । अतिक्रमित क्षेत्रमा बसोबास गर्ने नागरिकलाई शिक्षा, स्वास्थ्य, बाटोलगायतका सुविधा दिन पनि समितिले निर्देशन दिएको रावलले बताए ।

# विधेयकको विरोध गर्न काँग्रेसको अपिल

**मध्यान्ह संवाददाता**
काठमाडौं/१५ पुस-

प्रमुख विपक्षी नेपाली कांग्रेसले सूचना प्रविधि र विशेष सेवा सम्बन्धी विधेयकको विरोध गर्दै त्यसबारे सरकारलाई प्रश्न गर्न सबैलाई अपील गरेको छ । सूचना प्रविधि विधेयकले सामाजिक सञ्जालमा कसैलाई हेच्याउने, जिस्क्याउने काम गरे ५ वर्षसम्म जेल र १५ लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। विशेष सेवासम्बन्धी विधेयकमा सरकारले सार्वसाधारणको फोन ट्यापिङ गर्न सक्ने व्यवस्था छ । कांग्रेसले दुबै विधेयकको विरोध गरेको हो ।

काँग्रेस पार्टी कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता विश्वप्रकाश शर्माले दुवै विधेयकको विरोध गर्दै सरकारलाई प्रश्न गर्न आम नागरिकलाई अपील गरेका हुन् । सूचना प्रविधि विधेयकले सरकारमाथिको अधिनायकवादी आशंकालाई पुष्टि गरेको दाबी गर्दै समयमै आम नागरिकले विरोध गर्नुपर्नेमा जोड दिए ।

सामाजिक सञ्जालमा कसैलाई जिस्क्याएकै भरमा ५ वर्ष जेल बस्नुपर्ने, १५ लाख बाँकी पृष्ठ २ मा

# २०२० : वैदेशिक रोजगारीमा आशलाग्दो संकेत

ईस्वी सम्वत्को नयाँ वर्ष २०२० अन्य क्षेत्रसंगै वैदेशिक रोजगारीमा रहेका कामदार हरुका लागि पनि लाभदायक हुने देखिएको छ । रोजगारीका लागि मलेसिया गएका र जाने कामदारको यसै महिनादेखि लागू हुने गरी करीब मासिक २८ सय रुपैयाँ तलव बढेको छ । गत महिनासम्म मासिक न्युनतम ११ सय रिंगिट (३० हजार ३ सय ५० रुपैयाँ)तलव पाउँदै आएका कामदारहरुले जनवरी महिनादेखि न्युनतम तलव १२ सय रिंगेट (३३ हजार २ सय ५२ रुपैयाँ) न्युनतम तलव पाउने भएका छन् ।

मलेसियाले न्युनतम तलवका सम्बन्धमा विदेशी कामदारलाई पनि स्वदेशी कामदार सरह समान तलवको व्यवस्था गरेको छ । हाल मलेसियामा करिब ४ लाख नेपाली कामदारहरु वैधानिक रुपमा काम गरिरहेका छन्। बढेको तलवमात्रै मासिक सवा अर्ब रुपैयाँ हुने छ। यसले नेपाली कामदारसहित अर्थतन्त्रलाई ठूलो फाइदा पुग्ने अपेक्षा गरिएको छ। मलेसियामा नेपाली गार्डले मासिक २१ सय रिंगेट तलव पाउने गरेका छन् ।

मलेसियाका लागि नेपाली राजदूत उदयराज पाण्डेले मलेसियाका रोजगारदाताहरुले त्यहाँको सरकारले नेपालसंग गरेको श्रम समझदारी इमान्दारीताका साथ कार्यान्वयन गरेको भन्दै मलेसियामा कार्यरत कामदार समस्यामा नरहेको मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

यता वैदेशिक रोजगार विभागले बुधबारदेखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफईआईएमएस) पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको छ। विभागले बुधबारदेखि प्रमाणीकरण गरेका मागपत्र प्रणालीको एटेस्टेशन मोड्युलमा पठाउन विदेशस्थित सबै कूटनीतिक नियोगहरुलाई आग्रह गरेको छ । त्यस विषयमा निरन्तर नेपाली कूटनीतिक नियोगहरुलाई पत्राचार गरको विभागले मंगलबार अन्तिम पटक कूटनीतिक नियोगहरुलाई सूचना प्रणालीको युजर आइडी र पासवर्ड लिन आग्रह गरको छ । विभागले बुधबारबाट सूचना प्रणालीमा अपलोड नगरिएका मागपत्रलाई श्रम स्वीकृतिको प्रक्रियामा समावेश नगर्ने बताएको छ । विभागले मंगलबार वैदेशिक रोजगार व्यवसायीहरको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई सूचना प्रणालीबाट दिइने श्रम स्वीकृतिको प्रक्रियाबारे जानकारी दिएको छ ।

विभाग र संघबीच विभागले तयार पारेको सूचना प्रणालीबारे शुक्रबारबाट अभिमुखीकरण तालिम सञ्चालन गर्ने सहमति भएको छ। त्यस विषयमा विभागले मंगलबार संघलाई पत्राचार गरेको छ। विभागले वैदेशिक रोजगारसँग सम्बन्धित सबै कामलाई अनलाइन प्रणालीमा लैजाने बताएको छ। तर, व्यवसायीहरुले विभागले गरेको तयारीले रोजगारदाताले दूतावासमा प्रमाणीकरण गराएको डिमाण्ड विभागको प्रणालीमा अपलोड हुन लामो समय लाग्ने भन्दै अनियमितता र ढिलासुस्ती हुने चिन्ता व्यक्त गरेका छन्। मंगलबार विभागले गरेको सूचना प्रणाली सम्बन्धी विभागको प्रस्तुति 'डेमो' हेरेका संघका अध्यक्ष विष्णुप्रसाद गैरेले कर्मचारीको अभाव झेलेका र अनियमितताको आरोप खेपेका कतिपय नेपाली कूटनीतिक नियोगहरुबाट बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मेलमिलापकर्ता बन्न आवेदन माग

काठमाडौं, मस-वैदेशिक रोजगार विभागले मेलमिलापका माध्यमबाट वैदेशिक रोजगार ठगीका उजुरी फर्छौट गर्ने भएको छ । त्यसका लागि विभागले मेलमिलापकर्ताको रुपमा मान्यता प्राप्त व्यक्ति वा संस्थालाई सूचीकृत हुन १५ दिनको समय दिएर निवेदन माग गरेको छ ।

विभागका महानिर्देशक डा.भीष्मकुमार भूसालले मेलमिलाप कर्ताको व्यवस्थाले वैदेशिक रोजगारसँग सम्बन्धित ठगीको उजुरी फरफारक गर्ने सम्बन्धमा नयाँ अभ्यास प्रारम्भ गरेको भन्दै यसबाट आरोपित वा उजुरीकर्ता र जाहेरवालाले विभागमा सहज रुपमा सहमति गरेर समस्या समाधान गर्ने तर बाहिर गएर मलाई विभागमा सहमति गर्न बाध्य गराइयो भन्ने गरी आएका गुनासाहरुलाई अन्त्य गर्ने बताए ।

विभागको सूचना अनुसार लाइसेन्सप्राप्त, तालिमप्राप्त, अनुभवी, कानूनी पृष्ठभूमिका, विभाग बाहिरका, स्वतन्त्र व्यक्तिहरुले बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

**Receptionist - 1**

Experience in related field.

**Attractive Salary and benefit**

**Saptakoshi Human Resource Pvt. Ltd.**
SHR Est. 2010 Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com

अंग्रेजी नयाँ वर्ष (सन्) २०२० को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त नेपालीहरुमा

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एल.बी. थापा
अध्यक्ष

साउदीमा रोजगार — कम्पनी : BR.C.A.T.INTERNATIONAL CO.LIMITED
शहर : SAUDI

L.T. No.: 230192

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 38 | 0 | [illegible] | 1000 | 30,380 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | ६६ | [illegible] |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा पुस २३ गते (8 Dec. 2019) मा हुनेछ ।

**Asiapower Recruitment Consultants Pvt. Ltd.**
P.O.Box: 24384, Basundhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851131564, 9851065493
E-mail : asiapowernepaljob@gmail.com
Govt Lic No. 1196/073/074

# समृद्धिका लागि वन मन्त्रालयको यस्तो छ योजना

हेमन्त केसी/रासस
काठमाडौं, १५ पुस




वन तथा वातावरण मन्त्रालयले जडीबुटी उत्पादन गर्नका लागि सबै ठाउँको तथ्याङ्क लिन थालेको छ।

प्राप्त तथ्याङ्कका आधारमा आएको नतिजा विश्लेषण गरी भूगोल सुहाउँदो जडीबुटी उत्पादन गर्ने योजना कार्यान्वयन गर्ने तयारीमा मन्त्रालय रहेको छ। उत्पादन हुने ठाउँ र पकेट क्षेत्रको विश्लेषण गरेपछि जडीबुटीको 'पकेट' तथा 'जोन' निर्माण गरी व्यावसायिक खेती गर्ने विशेष योजनामा बनाउनेतर्फ मन्त्रालय लागेको छ ।

जडीबुटी खेती, सङ्कलन, मौज्दात, प्रशोधन, उत्पादन र बजारीकरणको काम 'भ्यालु चेन' मार्फत अगाडि बढाउने योजनामा मन्त्रालय जुटेको छ। वन उद्यमको विकासका लागि 'समृद्धिका निम्ति वन' भन्ने अभियान तत्काल शुरु गर्न लागिएको वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले बताए।

यो अभियानलाई सफल पार्नका लागि २५ करोडको युएसडी कार्यक्रम सञ्चालन हुनेछ। कार्यक्रमले वन उद्यम विकासका लागि किसान तथा सहकारीलाई अनुदान दिएर 'समृद्धिका निम्ति वन' भन्ने अभियान शुरु गर्न लागिएको हो। वन संरक्षण तथा विकासका लागि मन्त्रालयले नीतिगत व्यवस्थासहित काम शुरु गरेको बताएको छ। काठको उत्पादन गुणात्मक गरिएकाले त्यसको निर्यात गर्ने लक्ष्य पूरा गर्ने मन्त्रालयको कार्ययोजना छ।

आर्थिक समृद्धिको आधार पर्यटन बन्दै गएकाले नेपाल भ्रमणमा आउने अधिकांश पर्यटकहरू संरक्षित क्षेत्र जाने गरेको तथ्याङ्क छ। नेपाल भ्रमण वर्ष-२०२० मनाउने तयारी गर्दै गर्दा दोब्बर पर्यटक नेपालमा ल्याउन संरक्षण क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास गरी पर्यटकलाई आकर्षित गर्ने योजना मन्त्रालयको छ। भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि करिब रु ७ करोडको कार्यक्रम शुरु गर्ने मन्त्रालयले जनाएको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्राणी उद्यान निर्माण गर्नेछ।

पछिल्लो समयमा देशका विभिन्न भागमा मानव र वन्यजन्तुबीच द्वन्द्व भई मानवीय क्षति भइरहँदा मन्त्रालयले त्यसको व्यवस्थापनका लागि कार्ययोजना तयार गरेर काम थालेको छ। वन्यजन्तु व्यवस्थापनका लागि मन्त्रालयले वनको अवस्था हेरेर सोही अनुसारको वन्यजन्तु राख्ने बताइएको छ।

वन्यजन्तुको पालन र प्रजननका लागि मन्त्रालयले नीतिगत र कानूनी व्यवस्था पूरा गरी चालु आवदेखि वन्यजन्तुको पालन र प्रजननका काम शुरु गर्न लागिएको मन्त्री बस्नेतले जानकारी दिनुभयो। वन्यजन्तु पालन हुने बित्तिकै वनजङ्गलमा रहेका वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा सहज हुने मन्त्रालयको आङ्कलन छ।

वन्यजन्तुको व्यावसायिक पालनले चोरी-सिकारी नियन्त्रण हुने बताएको छ। भक्तपुरको सूर्यविनायकमा प्राणी उद्यान निर्माण गर्नका लागि गुरुयोजना निर्माण कार्य शुरु भएको छ। चालु वर्षमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)को काम शुरु भएको मन्त्रालयले जनाएको छ।

त्यस्तै सातवटा प्रदेश र केही स्थानीय तहमा समेत प्राणी उद्यान निर्माण गर्ने योजना मन्त्रालयले बनाएको छ। ती उद्यानको नियमन र व्यवस्थापनका लागि मन्त्रालयले संयन्त्र बनाउने विषयमा छलफल शुरु गरेको छ।

**अब तीन तहबाटै आइइइ, इआएको काम हुने**

विकास निर्माणको कामलाई तीब्रता दिका लागि वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन (इआए) र प्रारम्भिक वातावरणीय परीक्षण (आइइइ)का काम तीनवटा तहबाटै गर्ने नीतिगत व्यवस्था गरिएको छ।

जुन तहले योजना बाँड्छ, उसैले त्यो दुवै काम गर्नुपर्ने व्यवस्था भइसकेको मन्त्री बस्नेतले बताउनुभयो। साना योजना निर्माण तत्काल गर्नुपर्ने भएमा त्यस्ता कार्यका लागि 'संक्षिप्त वातावरणीय मूल्याङ्कन' गर्नका लागि वातावरण संरक्षण ऐनमा व्यवस्था भइसकेको छ। विकास र वातावरणबीचको सन्तुलन कायम गरेरमात्र अबको विकास मोडेल अगाडि बढ्ने उनको भनाइ छ।

**२०५ स्थानीय तह वनविहीन**

देशका २०५ स्थानीय तह वनविहीन भएको बताइएको छ। वन नभएका स्थानीय तहमा वृक्षरोपण गर्नका लागि अभियानकै रूपमा अगाडि बढेको मन्त्रालयको दाबी गरेको छ। वन नभएको स्थानीय तहलाई वृक्षरोपणका लागि मन्त्रालयले विशेष योजना बनाई त्यहाँ सहयोग गरेको जनाएको छ।

**संरक्षित क्षेत्रमा भौतिक पूर्वाधार बन्ने**

पूर्वाधार भएको संरक्षित क्षेत्रमा पर्यटकको बाक्लो उपस्थिति रहेको भन्दै पूर्वाधार नभएको ठाउँमा अब नयाँ पूर्वाधार निर्माण गर्ने मन्त्रालयले जनाएको छ।

पर्यटन वर्ष- २०२० लाई सफल बनाउनका लागि अन्य संरक्षित क्षेत्रमा पनि पूर्वाधार निर्माण कार्य अगाडि बढाउने योजना रहेको मन्त्री बस्नेतले बताए। संयुक्त राष्ट्रसंघीय शैक्षिक वैज्ञानिक तथा सामाजिक सङ्गठन (युनेस्को) को सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण आधार शिविर र लाङटाङ लगायतका क्षेत्रमा पर्यटकको चाप बढेपछि वन मन्त्रालय अन्य ठाउँमा पनि पूर्वाधारका काम शुरु गर्ने योजना बनाएको हो। भौतिक पूर्वाधार नभएका रारा, खप्तड, मकालु, कञ्चनजङ्गा, शुक्लाफाँटा लगायतका ठाउँमा मन्त्रालयले भौतिक पूर्वाधारको काम शुरु गर्ने भएको हो।

**तोकिएको समयभन्दा अघि लक्ष्य नजिक**

सन् २०२२ सम्म बाघको सङ्ख्या दोब्बर बनाउने अन्तर्राष्ट्रिय प्रतिबद्धता गरेको नेपालले सन् २०२० लाग्दै गर्दा लक्ष्यको नजिक पुगेको छ। संरक्षणमा विशेष ध्यान तथा निगरानी बढेका कारण यो लक्ष्यमा नजिक पुगेको मन्त्रालयले जनाएको छ।

त्यस्तै गैँडाको चोरी-सिकारीलाई नियन्त्रण गरी शून्यमा झारेको मन्त्रालयको दाबी छ। चोरी निकासी शून्यमा झारेको दाबी गर्ने वन मन्त्रालयले अन्तर्राष्ट्रिय समुदायसँग आफ्नो उपलब्धि सुनाउन पाउँदा नेपालको गर्व बढेको बताउँदै मन्त्री बस्नेतले भने, 'जैविक विविधिताको संरक्षणप्रतिको नेपालको प्रतिबद्धता र वन्यजन्तु संरक्षणको कुशलता हो।'

'जलवायु पविर्तनको क्षेत्रमा नेपालले कम मात्रामा हरितगृह ग्यास उत्सर्जन गरे पनि अरूका कारण बढी क्षति व्यहोरेको छ', उनले भने, 'यो प्रतिशतको हिसाबले हेर्दा ०.०२७ हुन आउँछ तर हरित ग्यास उत्सर्जनसँगै उत्पन्न परिस्थितिबाट नेपालले ठूलो असर भोग्दै आएको छ।'

मन्त्री बस्नेतले भने, 'हिउँ पग्लिनु, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टिलगायत असरबाट प्रभावित हुने मुलुकको अघिल्लो सूचीमा नेपाल रहेको छ, हरित ग्यास उत्सर्जन सबैभन्दा कम भूमिका हुँदाहुँदै पनि जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित हुने मुलुकमा नेपाल बन्न पुगेको छ।'

हरितगृह ग्यास बढी उत्सर्जन गर्ने राष्ट्रले 'ग्रिन क्लाइमेट फन्ड'लगायत विभिन्न कोषमा केही निश्चित रकम जम्मा गर्ने र त्यस्तो रकमबाट नेपालजस्तो अत्यधिक प्रभावित हुने मुलुकमा खर्च गर्ने व्यवस्था छ। पहिलो पटक झण्डै ४० मिलियन अमेरिकी डलर नेपालले प्राप्त गरेको छ। अर्को ३२ मिलियन अमेरिकी डलर स्वीकृत हुने अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ।

## पाल्पामा मगरी खाना महोत्सव हुने



**पाल्पा/मस-** भ्रमण वर्ष २०२० लाई मध्येनजर राख्दै पाल्यामा मगरी खाना महोत्सव हुने भएको छ। नेपाल मगर संघ पाल्पाको आयोजनामा यही पुस २५ गते तानसेनमा मगरी खाना तथा सांस्कृतिक महोत्सव आयोजना गर्न लागिएको हो।

आन्तरिक पर्यटक आगमन बढाउन र मगरी कलासंस्कृतिको संरक्षण गर्न महोत्सव सफलदायी हुने सङ्घका अध्यक्ष तेजबहादुर घर्ती मगरले बताए।

महोत्सवमा मगरी खानाका परिकार बारा, अचार, तरुल, सखरखण्ड, सुँगुरको मासुलगायत स्वाद पाइने छ। यसैबीच मगर समुदायका अगुवाले पहिचानका आधारका रूपमा प्रदेश नं ५ को नामकरण मगरात थरुहट हुनुपर्नेमा जोड दिएका छन्। मगर संघ पाल्पाले माघे सङ्क्रान्तिका अवसरमा आयोजना गरेको पत्रकार सम्मेलनमा संघका केन्द्रीय सल्लाहकार केहरसिंह रानाले प्रदेशको नाम मगरात रहनुपर्ने संघको माग यथावत् रहेको बताए।

मगर संघ पाल्पाका अध्यक्ष तेजबहादुरले लखन थापालाई सरकारले शहीद घोषणा गरे पनि सरकारी कार्यालयहरूले त्यसको बेवास्ता गरेको भनी चिन्ता व्यक्त गर्नुभयो। मगर सङ्घका उपाध्यक्ष शान्ति झेडीले जिल्लाका सरकारी कार्यालयमा लखन थापाको तस्वीर राख्नुपर्ने माग गरिन्।

# शौचालयविहीन दलित बस्ती



**लहान/मस-** सप्तरीको शम्भुनाथ नगरपालिका-५ मोहनपुर स्थित सिङ्गो दलित मुसहर बस्ती अझै शौचालयविहीन छ।

दलित समुदायको बाक्लै बसोबास रहेको उक्त बस्तीमा एउटा पनि शौचालय छैन। करिब २७ घरधुरीमा १०० जनाको बसोबास रहेको उक्त बस्तीमा शौचालय नहुँदा स्थानीय बस्ती नजिकैको खोलाको खोल्साखोल्सी र बाँसघारीमा गएर खुलारूपमा दिसापिसाब गर्दै आएका छन्।

शम्भुनाथ नगरपालिकाको सबै वडाको घर घरमा शौचालय बनिसकेको भन्दै २०७५ सालमै सो वडालाई खुल्ला दिसामुक्त घोषणा गरिएको थियो।

सो वडाको सिङ्गो दलित बस्तीमा अझै शौचालय बन्न सकेको छैन। उक्त बस्ती नजिकै रहेको चौधरी, साहलगायत जातिको बस्तीमा शौचालय बनिसके पनि छेउमै रहेको मुसहर जातिको बसोबास रहेको दलित बस्ती भन्ने शौचालयविहीन रहेको स्थानीय सञ्जय चौधरीले बताए।

आफूले शौचालय निर्माणको लागि पटक पटक आग्रह गर्दा पनि कसैले त्यसप्रति चासो नदेखाएको उनले बताए।

आर्थिक आभावभन्दा पनि सरकारले नै शौचालय बनाई दिन्छ कि भन्ने सोचका कारण त्यहाँका स्थानीयवासी शौचालय बनाउन नचाहेको गुनासो सुनाउँदै उलने भने, 'यस बस्तीका अधिकांश युवा मजदूरी गर्छन्, कतिपय युवा छिमेकी भारतको विभिन्न शहरमा रोजगारी गर्ने गरेका छन्, तर शौचालय बनाउन चाहँदैन।'

घरमा शौचालय निर्माण गर्न खर्च किन गर्ने ? भन्ने सोचले त्यस बस्तीमा बढी प्रभाव पारेको छ, शम्भुनाथ नगरपालिका-५ का वडाध्यक्ष हीरणप्रसाद चौधरीले भने, 'त्यसैले त्यस बस्तीका बासिन्दाको सोच परिवर्तन गर्न र शौचालय बनाउन उहाँहरूलाई दबाबमूलक कार्यक्रम गर्ने तयारी गरिरहेका छौं।'

सो बस्तीमा अन्य स्थानभन्दा बढी जनचेतनामूलक र सरसफाइसम्बन्धी कार्यक्रम दिए पनि त्यहाँका बासिन्दाले सुनेको पनि नसुनेझैँ गरिरहेकाले शौचालय बनाउन दबाब दिने उनको भनाइ छ।

शौचालय बनाउन स्थानीय तहले प्यान, सिट र रिङलगायतका सामग्री थुपारेर राखे पनि शौचालय निर्माण गर्न आलटाल गरिरहेका छन्। कतिपयले शौचालय बनाउने जग्गा नभएर नबनाएका हुन भने कतिपयले सरकारले नै शौचालय बनाइदिन्छ कि भन्ने सोच राखेकाले नबनाएको वडाध्यक्ष चौधरीले बताए।

# जाडोबाट बच्न दाउरा वितरण


इमरान खान/मध्यान्ह
नवलपरासी, १५ पुस




नवलपरासी लगायत विभिन्न ठाँउहरुमा अत्याधिक जाडो बढ्दै गएपछि जनजिवन दिनहुँ कष्टकर बन्दै गएको छ। जाडोबाट बच्नका लागि मानिसहरुलाई विभिन्न किसीमको उपायहरु अपनाउन निर्देशन समेत दिने गरिन्छ। खास गरि जाडोको महिनामा जेष्ठ नागरिक तथा बालबालिकाहरुलाई प्रभाव पर्ने सम्भावना देखिन्छ। जाडोबाट बच्नका लागी मानिसहरुले बाक्लो लुगा तथा काठ दाउराको आगो बालेर ताप्ने गरेको पाईएको हुँदा नवलपरासीको प्रतापपुर गाँउपालिकाको विभिन्न ठाउँहरुमा काठ दाउरा बाँडिएको छ।

मधेश युवा उत्थान विकास मञ्च, नवलपरासीद्वारा प्रतापपुर, सेमरी, गोपीगंज, बेलाटारी, सोमनी, खैरटवा, भुजहवा लगायत विभिन्न ठाउँहरुमा गरिब तथा बिपन्न परिवारसहित चोक-चोकमा काठ वितरण गरिएको मधेश युवा उत्थान विकास मञ्च नवलपरासीकको अध्यक्ष तथा समाजसेवी धिरज त्रिपाठीले जानकारी दिए। यस किसिमको मानवीय कामप्रति अधिकांश मानिसहरु खुसी तथा सराहनिय काम समेत गरेको बताएका छन्। जाडोबाट बच्नको लागी जिल्ला प्रशासन कार्यलय नवलपरासीले पनि सूचना प्रकाशन गरि सबैमा आग्रह समेत गरेको छ।

## 'मुख्यमन्त्री नमूना कृषि गाउँ कार्यक्रम' सञ्चालन गरिने



**बैतडी/मस-** बैतडी र दार्चुलामा 'मुख्यमन्त्री नमूना कृषि गाउँ कार्यक्रम' सञ्चालन गरिने भएको छ।

बैतडीका पाँच स्थानीय तह र दार्चुलाका चार स्थानीय तहमा उक्त कार्यक्रम सञ्चालनको तयारी भएको पशु सेवा विज्ञ केन्द्र पाटन बैतडीले जनाएको छ।

पशु चिकित्सक मोहनदेव भट्टका अनुसार सुदूरपश्चिम प्रदेश सरकारको चालु आव २०७६/७७ को 'मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यक्रम'अन्तर्गत उक्त कार्यक्रम सञ्चालनको तयारी भएको हो। बैतडीको पाटन नगरपालिका-१, सिगास गाउँपालिका-३, सुर्नया गाउँपालिका-३, दोगडाकेदार गाउँपालिका-४ र शिवनाथ गाउँपालिका-२ र ४ मा सो कार्यक्रम सञ्चालन हुन लागेको हो। कार्यक्रमअन्तर्गत पाटन, सिगास, सुर्नया, दोगडाकेदारमा बाख्रापालन र शिवनाथमा कुखुरापालनको कार्यक्रम लागू हुनेछ।

यस्तै दार्चुलाको शैल्यशिखर नगरपालिका-४, मार्मा गाउँपालिका-६, नौगाड गाउँपालिका-६ र अपी हिमाल गाउँपालिका-२ र ६ मा सो कार्यक्रम सञ्चालन हुने तयारी भएको बताइएको छ। कार्यक्रमअन्तर्गत शैल्यशिखर र मार्मामा बाख्रापालन, नौगाडमा बाख्रा र भेडापालन तथा अपी हिमालमा भेडापालन कार्यक्रम लागू गरिने केन्द्रले जनाएको छ।

कार्यक्रम लागू हुने स्थानीय तहहरूमा समन्वय समिति गठन गरिन लागिएको पशु चिकित्सक भट्टले जानकारी दिए। नमूना कृषि कार्यक्रमका लागि कम्तीमा ५० जना कृषक घरधुरी समेटिनुपर्ने, ताकिएअनुसार न्यूनतम मापदण्ड हुनुपर्ने र सम्बन्धित पालिकाले सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको बताइएको छ।

**माईग्रेसन प्रमाणपत्र हरायो**

निम्न नाम थर र जन्म मिति भएको माईग्रेसन प्रमाणपत्र हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकीमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनहुन अनुरोध गर्दछु।

नाम : कृपा श्रेष्ठ
जन्म मिति : २०५७।५।१
रजिष्ट्रेसन नं. : ७३२७६३१०९
सम्पर्क नं. : ९८६०३०२८६८

### विधेयकको ...

रुपैयाँ जरिवाना तिर्नुपर्ने जस्ता प्रावधान लोकतान्त्रिक राज्य व्यवस्थाको भावना र मर्म विपरित भएको भन्दै प्रवक्ता शर्माले बताए। 'नागरिकले राजनीतिक दलको आलोचना गर्ने, राजनीतिकर्मीहरुप्रति व्यंग्य गर्ने, सरकारलाई सच्चिन सामाजिक सञ्जालमार्फत कोर्रा लगाउन पाउने संविधानले दिएको अधिकार हो। यसलाई यो सूचना प्रविधि विधेयकमार्फत कुण्ठित गर्न खोजिएको छ।' पत्रकार सम्मेलनमा प्रवक्ता शर्माले भने।

सरकार 'बहुदलीय पञ्चायती व्यवस्था' को अभ्यासमा रहेको भन्दै प्रवक्ता शर्माले कांग्रेसको तर्फबाट सोधे, के तपाई आफ्नो व्यक्तिगत फोन सरकारले रेकर्ड गर्न पाउने कानून बनाउन दिने पक्षमा हुनुहुन्छ ? के तपाई सामाजिक सञ्जालमा कुनै सामान्य व्यंग्य कसैलाई गरे वापत ५ वर्ष जेल बस्न तयार हुनुहन्छ ?' उनले विधेयक फिर्ता लिन सरकारसँग माग गरे।

**बुधबार बैठक**

प्रवक्ता शर्माले बुधबार कांग्रेस पदाधिकारी बैठक बस्ने जानकारी दिए। राष्ट्रिय सभा सदस्यका उमेदवारको टुंगो लगाउने विषयमा छलफल गर्न बैठक बोलाइएको प्रवक्ता शर्माले बताए। त्यस्तै राष्ट्रिय सभा चुनावको रणनीति तय गर्न १७ पुसमा केन्द्रीय समिति बैठक बोलाइएको भन्दै उनले सो बैठकले पार्टीको आन्तरिक जीवनलाई हार्दिकतापूर्वक अघि बढाउने बताए।

सत्तारुढ नेकपाले प्रदेशको अधिकार खोसेको भन्दै प्रवक्ता शर्माले अनधिकृत निर्णय नगर्न सुझाव दिए। उनले संघीयतालाई असफल बनाउने ढंगले केन्द्रको अनधीकृत निर्णय नथोपर्न नेकपासँग माग गरे। जनताबाट निर्वाचित प्रतिनिधिले स्वविवेकले निर्णय गर्नुपूर्व कुनै पार्टी आदेश दिनु गलत भएको उनको भनाइ छ। नेकपाको सचिवालय बैठकले प्रदेश ३ को नाम बागमती र राजधानी हेटौंडा राख्ने प्रस्ताव गरेको थियो।

### 2020...

विभागले सोचे अनुसारको काम हुन नसक्ने दावी गरे। विभागले बुधबारदेखि श्रम स्वीकृतिका सबै प्रक्रिया वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफईआईएमएस) मार्फत हुने बताएको छ।

यस अगावै वैदेशिक रोजगार कार्यालय ताहाचलमा पेश गरिएका पूर्व स्वीकृतिका फाइलहरु यही पुस २२ गते भित्र टुङ्गाइसक्नु पर्नेछ। प्रमाणीकरण भैसकेका तर वैदेशिक रोजगार कार्यालय ताहाचलमा पेश नभएका फाइलहरु पेश गर्न र पूर्व स्वीकृति लिईसक्न पुस मसान्तसम्मको म्याद दिइएको छ।

प्रणालीले विभागसहित म्यानपावर कम्पनी, राहदानी विभाग, वैदेशिक रोजगार बोर्ड, अभिमुखीकरण, बैंक, बीमा, अध्यागमन, मेडिकल, नेपाली नियोगलाई एक आपसमा जोड्ने विभागको भनाइ छ। विभागका महानिर्देशक डा.भीष्म कुमार भूसालका अनुसार प्रणालीमा म्यानपावर कम्पनीले आफ्नै कार्यालयबाट अनलाइन मार्फत श्रम स्वीकृतिका लागि मागपत्र विभागमा पेश गर्न पाउने छन्। फाइल सदर भएपछि पूर्व तथा अन्तिम श्रम स्वीकृतिको निस्सा विभाग तथा कामदारको इमेलमा जाने छ। हाल श्रम स्वीकृतिको स्टिकर श्रम स्वीकृतिको प्रक्रिया पुरा भएपछि विभागको वैदेशिक रोजगार कार्यालय ताहाचलले दिने गरेको छ।

तर, अब श्रम स्वीकृतिको स्टिकर रोजगारीमा जाने कामदार वा म्यानपावर कम्पनी आफैंले प्रिन्ट गर्न पाउने बताइएको छ। प्रणालीले श्रम स्वीकृतिको नाममा कर्मचारी तथा बिचौलियाले गर्ने अनुचित चलखेल बन्द हुने विभागको भनाइ छ।

### मेलमिलापकर्ता...

आवेदन दिन पाउने छन्।

मेलमिलापकर्ताले मेलमिलापकर्ताको रुपमा काम गरे बापत् दुवै पक्षको मञ्जुरी भएमा सामुदायिक मेलमिलापको संयन्त्रबाट विवाद समाधान गरेको भए बढीमा पाँच सय रुपैयाँ, सामुदायिक मेलमिलापको संयन्त्रबाट बाहेक अन्य संयन्त्रबाट मुद्दा र विवाद समाधान गरेको भए बढीमा दश हजार रुपैयाँ पारिश्रमिक पाउने व्यवस्था गरेको छ। यस्तो रकम सरकारी कोषबाट खर्च हुने गरेको छ।

**Vacancy Announcement**

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

**Accountant /Office Secretary : 2 Female**

**PRO : 2 Male**

**Qualifaction:** Minimum +2 pass in management (accounting knowledge), 2 years experience in Manpower field., Computer knowledge email and internet, computer basic course ,Photoshop fluent speaking, and writing English **Salary Negotiable**

**सुर्या इन्टरनेशनल प्रा.लि.** श्रम इजाजत नं. २७७/०५८/५९
बत्तिसपुतली, गौशाला, काठमाडौ, फोन नं. ०१- ४४६९९५१, ४४६९९५२, ४४६९९५३, मो.: ९८५१०६७७७९, E-mail : hr.suryanep@gmail.com

**मलेशियामा रोजगार**

**1. FORAYPACK INDUSTRY SDN. BHD.**
पुर्व स्विकृति मिति: २०७६।९।१५ चलानी नं. ६०१४९३४९ LT No.: 230151

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 25 | 5 | 1100 | 30708 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. JIANN LIH SAFETY PRODUCTS (M) SDN BHD**
पुर्व स्विकृति मिति: २०७६।९।१५ चलानी नं. ६०१४९३४८ LT No.: 230152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 25 | 1100 | 30708 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७६ पुष २३ गते (8 Jan. 2020) हुनेछ।**

सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने: निःशुल्क
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनूहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं. ४०३४९७७, ४०३४६७७, ९८५११२५२७५ Email:manakamanamfec@gmail.com

# सन् २०१९ मा प्रेस स्वतन्त्रता हननका ५० घटना



**काठमाडौं/मस–** सन् २०१९ नेपाली पत्रकारिता क्षेत्रका लागि सुखद् रहेन ।

नेपाल पत्रकार महासंघको सञ्चार अनुगमन इकाईमा अभिलेख भएअनुसार सन् २०१९ मा प्रेस स्वतन्त्रता हनन्का ५० वटा घटना भएका छन् ।

जसमा ७६ जना पत्रकार र एक सञ्चार संस्था पीडित भएका छन् । यो अवधिमै मकवानपुरका पत्रकार मनोहर ढकालको हत्या भएको अनुगमन इकाईमा अभिलेख छ । अभिलेखअनुसार पत्रकार आक्रमणका १५ वटा घटनामा १७ जना पत्रकार तथा एक सञ्चारसंस्था पीडित भएका छन् भने ११ जना पत्रकारमाथि दुर्व्यवहार भयो ।१० वटा धम्कीका घटना भए भने ७ जना पत्रकारलाई पक्राउ गरी मुद्दा चलाइएको थियो । यस्तै अल्पकालिन पत्रकार पक्राउका ३ वटा घटना भएकामा १९ जना पत्रकार पीडित भए भने पत्रकारको पेशागत असुरक्षाको १, पेशावाट विस्थापन १ र समाचार संकलनमा अवरोधको १ वटा घटना भएको छ ।

सन् २०१८ मा प्रेस स्वतन्त्रता हनन्का ५८ वटा घटनाहरु भएका थिए । तुलनात्मक रूपमा पनि यो वर्ष प्रेसका लागि चुनौतीपूर्ण रह्यो । यो वर्ष स्वतन्त्रता हनन्का घटनाहरुमा कमि आएको भएता पनि प्रेस स्वतन्त्रता उपभोगको दृष्टिले सुखद् रहेन । राजनीतिक परिवर्तन पश्चात राज्य र गैरराज्य पक्षका व्यक्तिहरुबाट पत्रकार पीडित भएका छन् । पत्रकारले निर्वाध र स्वतन्त्ररूपमा प्रेस स्वतन्त्रताको उपभोग गर्ने वातावरण बनेन । समाचारको स्रोतसँग सम्पर्क रहेको आधारमा पत्रकारलाई पक्राउ गरी मुद्दा चलाउनुले प्रवृत्ति बढ्यो । पत्रकारमाथि घटेका यी घटनाले सरकार प्रेसप्रति कति उदार छ भन्ने स्पष्ट पारेको छ ।

यसबीचमा राज्यका तीनै तहको सरकारबाट कानुन बनाउने काम भएसँगै प्रेस स्वतन्त्रतालई संकुचन पर्ने कानून बन्ने शंका बढेको छ । कतिपय प्रदेश सरकारले बनाएका मिडिया सम्बन्धी कानूनहरु प्रेस स्वतन्त्रतालाई संकुचन गर्नेगरी बनेका कारण महासंघले दिएको सुझाए पश्चात संशोधनका क्रममा रहेका छन् । महासंघले राज्यका तीनै तहबाट बन्ने कानूनहरु मिडियामैत्री बनाउन माग गरेको छ ।

साथै, महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि हुने यस्ता सबैखाले घटनाको कडा शब्दमा भर्त्सना गर्दै घटनामा संलग्नहरुमाथि कानुनी कारबाही गरी पत्रकारलाई निर्वाध र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गरेको छ ।

# अब घरधनीले भाडामा बस्नेको विवरण प्रहरीमा बुझाउनुपर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं/१५ पुस-



अब घरधनीले भाडामा बस्नेको विवरण नजिकैको प्रहरी कार्यालयमा बुझाउनुपर्ने भएको छ । घरधनीले भाडामा बस्नेको परिचय खुल्ने कागजपत्र सहितको विवरण नजिकैको प्रहरी कार्यालयमा बुझाउनुपर्ने भएको हो । व्यक्तिगत तथा संस्थागत रुपमा घर भाडामा लिनेको विवरण बुझाउनुपर्ने र प्रहरीले सो विवरण अभिलेखका रुपमा राख्नेछ ।

मंगलबार गृह मन्त्रालयमा बसेको बैठकले यस्तो निर्णय गरेको हो । काठमाडौं लगायतका शहरी क्षेत्रका भाडामा बस्नेले घर छाडेर गएको विवरण पनि प्रहरीलाई दिनुपर्ने छ ।

पछिल्लो समय काठमाडौं लगायतका क्षेत्रमा घर भाडामा लिइ अपराधिक गतिविधि बढेको भन्दै सो को नियन्त्रण गर्न यस्तो निर्णय गरिएको गृह मन्त्रालयले जनाएको छ । हालसालै बैंकिङ कसुरमा संलग्न चिनियाँ समूहले घर भाडामा आफ्ना गतिविधि बढाएको पाइएको थियो ।

यस्तै अन्य घटनामा पनि घरभाडामा लिइ त्यसको दुरुपयोग गर्दै आर्थिक तथा साइबर अपराध, यौनजन्य क्रियाकलाप र विस्फोटक पदार्थहरुको भण्डारण गर्ने गरेको पाइएपछि गृहले यस्तो निर्णय गरेको हो ।

यी गतिविधिहरुले देशको सुव्यवस्थामा गम्भीर असर परेको भन्दै यसलाई नियन्त्रण गर्नको लागि यो निर्णय गरिएको गृह मन्त्रालयको दावी छ ।

# चिसो बढेसँगै विद्यालय बन्द



**नेपालगञ्ज/मस–** अत्यधिक चिसो बढेसँगै बाँकेको नेपालगञ्ज उपमहानगरपालिका र डुडुवा गाउँपालिकाका सामुदायिक विद्यालय बन्द गरिएका छन् ।

ती पालिकाअन्तर्गतका शिक्षा समितिको निर्णयअनुसार, मंगलबारदेखि पुस १८ गतेसम्मका लागि विद्यालय बन्द गरिएको हो । निरन्तरको शीतलहर र चिसोका कारण जनजीवन कष्टकर बनेपछि विद्यार्थीको सजिलोको लागि विद्यालय बन्द गर्ने निर्णय भएको नेपालगञ्ज नगर शिक्षा समितिका प्रमुख गोर्खबहादुर थापाले बताए ।

यसैबीच, अत्यधिक चिसोका कारण नेपालगञ्जका गरिब, असहाय, बेसहारा बढी प्रभावित भएपछि उपमहानगरपालिकाले आगो ताप्न टोल टोलमा दाउरा वितरण गरेको छ । उनीहरूलाई चिसोबाट जोगाउन उपमहानगरपालिकाले वडा कार्यालयमार्फत टोल टोलमा दाउरा वितरण गरेको सूचना अधिकारी शरद पौडेलले बताए ।

# सरकारले धोका दियो : यादव

**जलेश्वर/मस–** समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले मधेशमा पुनः ठूलो आन्दोलन हुने बताएका छन् ।

युवा संघ महोत्तरीको जिल्ला सम्मेलनलाई मंगलबार जलेश्वरमा सम्बोधन गर्दै उनले वर्तमान सरकार आफ्नो पार्टीसँग गरेको सम्झौतामा धोका दिएको तथा मधेश र मधेशीको हकअधिकार दिन आनाकानी गरेको हुँदा आफ्नो हक र अधिकार प्राप्तिका लागि मधेशमा पुनः ठूलो आन्दोलन गर्ने चेतावनी दिए ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले संविधान संशोधन गरेर जबसम्म मधेश र मधेशीलाई



बराबरीको हक दिँदैन, तबसम्म आफूहरू आन्दोलन गरिराख्ने र मधेशी जनताले आफूहरूलाई सधैँ सहयोग गरिरहने बताए ।

'हाम्रो पार्टीले अब सडक र सदन दुवै ठाउँबाट संघर्षका कार्यक्रमहरू अगाडि बढाउनेछ' उनले भने, 'पूर्ण रूपमा अधिकार प्राप्त नहुन्जेलसम्म संघर्षका कार्यक्रम निरन्तर चलिरहन्छ ।'

अध्यक्ष यादवले वर्तमान सरकार आफूहरूलाई वाचा गरेर पनि मधेश र मधेशीलाई हकअधिकार दिनबाट खुट्टा पछाडि तानेको तथा संविधान संशोधन गर्न नमानेको भन्दै सोही कारण आफूहरूले सरकार छाडेको स्पष्ट पारे ।

अब मधेशी जनताले ठूलोभन्दा ठूलो अन्तिम आन्दोलन गर्न पुनः जरुरी भएको भन्दै आन्दोलनका लागि सबैलाई तयार रहन समेत उनले आग्रह गरे ।

# दोलखाका तत्कालीन सिडिओ अख्तियारको नियन्त्रणमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुसकाण्डमा मुछिएका दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाललाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रशासन कार्यालय दोलखामा तत्कालीन प्रमुख जिल्ला रहँदा उनले आफ्नो क्षेत्राधिकारभित्रका मुद्दाका अभियुक्तहरूलाई धरौटीमा रिहा गर्न घुस मागेको खुलेपछि गृह मन्त्रालयले निलम्बन गरेको थियो ।

निलम्बनमा रहेका उपसचिव रिजाललाई थप अनुसन्धानका लागि मंगलबार पक्राउ गरिएको आयोग प्रवक्ता प्रदीप कोइरालाले जानकारी दिए ।

केही समयअघि मन्त्रालयमा तानेर निलम्बन गरिएका रिजालमाथि भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान गर्नुपर्ने देखिएपछि पक्राउ गरिएको प्रवक्ता कोइरालाले बताए ।

उनले मेलुङ गाउँपालिका-४ भेड्पुका कुमार लामा मोक्तानसँग ९० हजार र कालिञ्चोक गाउँपालिका-१ का उदिम तामाङ र इन्द्रबहादुर तामाङसँग १४ हजारको रसिद दिएर ३५ हजार रुपैयाँ असुलेका थिए । रिजालले यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि काम गरेका थिए ।

# भेन्टिलेटर र आइसियु सञ्चालन



**हेटौँडा/मस–** हेटौँडा अस्पतालमा सघन उपचार कक्ष 'आइसीयु' र भेन्टिलेटर सेवा शुरु गरिएको छ ।

नौ वर्षअघि ल्याइएको भए पनि प्रयोगविहीन अवस्थामा रहेर बिग्रिएको भेन्टिलेटर मेशिनलाई पुनःमर्मतपछि सञ्चालनमा ल्याएको अस्पताल प्रशासनले जनाएको छ ।

तत्कालीन समयमा १६ लाख रुपैयाँमा दुईवटा मेशिन खरिद गरिएको थियो । जनशक्ति अभावलगायतका कारण थन्किएर रहेको र हाल सञ्चालनमा ल्याइएको हेटौँडा अस्पताल विकास समितिका अध्यक्ष प्रकाश पौडेलले बताए । अस्पतालले परीक्षण स्वरुप आइसियु पनि सञ्चालन गरेको छ । जनशक्ति अभावका कारण हाल एउटा शयया मात्र आइसियु सञ्चालनमा ल्याइएको हेटौँडा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा.प्रवीण श्रेष्ठले जानकारी दिए ।

भेन्टिलेटर सञ्चालनमा आएसँगै अस्पतालमा परीक्षणको रूपमा रहेको सघन उपचार कक्ष आइसियु पनि नियमित रूपमा सञ्चालनमा आउने उनको भनाइ छ । आइसियु सञ्चालनका लागि भेन्टिलेटर अत्यावश्यक भएको उनले बताए ।

आगामी असारसम्ममा पाँच शय्याको आइसियु तथा डायलसिस सञ्चालन गर्ने गरी अस्पतालले तयारी गरिरहेको पनि अस्पताल विकास समितिका अध्यक्ष पौडेलले बताए । प्रदेश सरकार मातहत अस्पताल आएपछि अस्पतालमा परिवर्तन आएको छ । बालरोग, प्रसूति, हाडजोर्नी, सर्जन, रेडियोलोजिष्टलगायत विभिन्न विशेषज्ञ डाक्टर तथा फिजिसियनको सेवा एवं सम्पूर्ण परीक्षण हेटौँडा अस्पतालमै हुने भएपछि सेवाग्राहीलाई सहज भएको छ ।

# सूचना प्रविधि विधेयकप्रति महासंघको ध्यानाकर्षण

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी सूचना प्रविधि विधेयक अघि बढाइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।



महासंघका महासचिव रमेश विष्टले मंगलबार एक विज्ञप्ति जारी गर्दै ध्यानाकर्षण भएको जनाएका हुन् ।

महासंघले विज्ञप्ति मार्फत विचार तथा अभिव्यक्ति लेखेकै भरमा पाँच वर्ष जेल र १५ लाख रुपैयाँ जरिवाना वा दुवै सजाँयसहितको कठोर दण्ड व्यवस्था गरिएको विधेयकले नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने ठहर समेत गरेको छ ।

साथै, सूचना प्रविधिसम्बन्धी विधेयकका कतिपय प्रावधान आमसञ्चारको क्षेत्रलाई नियन्त्रण गर्न दुरुपयोग हुन सक्ने गम्भीर खतरा देखिएको महासंघले जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, ' महासंघ नेपाल कम्युनिष्ट पार्टी संसदीय दल र महासंघबीच मिति २०७६ असार २३ गते सञ्चारसम्बन्धी अन्य विधेयक ल्याउदा संविधान र राष्ट्रिय आमसञ्चार नीति २०७३ को आधारमा महासंघसहित अन्य सम्बद्ध सबै पक्षसँग छलफल गरी संसदीय प्रक्रियाबमोजिम निष्कर्षमा पुग्ने भनी जनाइएको प्रतिवद्धता स्मरण गराउन चाहन्छ ।' महासंघले सरोकारवालासँग छलफल र सहमति गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र सम्मान हुनेगरी सूचना प्रविधिसम्बन्धी विधयेक अघि बढाउन जोडदार माग गरेको छ ।

# नक्कली सुनसहित दुई पक्राउ

**काठमाडौं/मस–** प्रहरीले एक किलोग्राम नक्कली सुनसहित दुईजनालाई नयाँबसपार्कस्थित तनहुँ होटलबाट पक्राउ गरेको छ ।

महानगरीय प्रहरी वृत्त महाराजगञ्जको टोलीले एक किलोग्राम नक्कली सुनसहित मोरङका २२ वर्षीय भुपाल लिम्बू र पाँचथरका २४ वर्षीय अरुण राईलाई सोमबार राति पक्राउ गरेको हो ।

वृत्तका प्रमुख उमेश लम्सालका अनुसार नक्कली सुनलाई सक्कली सुन भनेर ठगी गर्न लागेको अवस्थामा पक्राउ गरिएको हो । पक्राउ परेकासँग आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖ Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# नियतमै सन्देह

राष्ट्रियसभाको बहुमतबाट पारित नेपाल विशेष सेवा विधेयकप्रति नागरिक समाज, अधिकारकर्मी र राजनीतिक वृत्तमा कडा आलोचना भइरहेको छ । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सांसदहरूको असहमति बीच अगाडि बढिरहेको विधेयकले संविधानको मूल भावना माथि नै प्रहार गरेको टिप्पणी भइरहेको छ । देशको मूल जासुसी संस्था राष्ट्रिय अनुसन्धान विभाग (राअवि) लाई थप शक्तिशाली बनाउनेगरी ल्याइएको विधेयकले लोकतन्त्रको आधारभूत चरित्रमाथि नै प्रहार गरेको विश्लेषणले नेपाली समाज राम्रैसँग तरंगित छ ।

गत मंसिर २५ गते राष्ट्रियसभामा दर्ता भएर अगाडि बढेको यो विधेयकले अधिनायकवादको प्रष्ट झल्को दिएको विपक्षी दल काँग्रेसका सांसदहरूले तर्क गरेका छन् । विधेयकको मूल उद्देश्यलाई राम्ररी अध्ययन गर्ने हो भने पनि काँग्रेसका सांसदहरूको तर्कलाई थप बलियो बनाउँछ । किनभने, यो विधयेक पारित भए राअविले आवश्यक मानेका व्यक्तिको सम्पूर्ण विवरण रेकर्ड गर्न अधिकार पाउनेछ । यसले संविधान प्रदत्त नागरिकको गोपनीयताको हकको संरक्षण गर्दैन । बरू, यही कानूनी छिद्रका आधारमा नागरिकको नागरिक स्वतन्त्रता समेत कुण्ठित बनाउँछ ।

सरकारले तर्क गरेजस्तो अपराध र आपराधिक गतिविधि नियन्त्रणमा मात्रै यो कानून आकर्षित हुने आधार हुन्न । अझ उल्टै दशकौं लामो संघर्षबाट प्राप्त जनताको अधिकार समेत खोसिन सक्छ । २०४७ को संविधानमा राखिएको एउटा सानो छिद्रबाटै छिरेर लोकतन्त्र खोस्ने कार्य तत्कालीन राजाले गरेको नजीर भुल्न हुन्न । यदि, त्यस्तो गल्ती गरिए भोलि वर्तमान संविधान संकटमा पार्ने कार्य नहोला भन्न सकिन्न ।

तसर्थ, यो विधेयकबाट नागरिक अधिकार खोस्ने प्रावधान हटाउनुको विकल्प रहन्न । त्यसै पनि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकारले लिएका केही नीतिहरूलाई अधिकारकर्मीहरूले शंकाको नजरले हेरिरहेका छन् । राअविलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याउने निर्णयलाई समेत अहिलेको विधेयकसँग जोडेर हेर्न थालिएको छ । गीतसंगीत क्षेत्रमा आवद्ध, अधिकारमा आधारित लेखक तथा पत्रकार हरूमाथि भएका केही सरकारी कार्बाहीलाई समेत नेपाल विशेष सेवा विधेयकसँग जोडेर हेरिएको छ । तसर्थ, वर्तमान नेकपा सरकारको नियतमै सन्देश जन्माउने गतिविधिबाट बच्न सक्नु नै देश, समाज र परिवर्तनका लागि उचित हुनेछ ।


त्यसै पनि संविधानको संरक्षण र कार्यान्वयन नेकपा सरकारको कार्यभार हो । यो कार्यभारबाट पञ्छिने र संविधान माथि नै प्रश्न उठ्नेगरी बनाइने कानून र लिइने नीति जनादेश हुँदै होइन । किनभने, नेकपाले मत माग्न सार्वजनिक गरेको घोषणापत्रमा संविधान कार्यान्वयन गर्ने विषय प्रष्ट रूपमा उल्लेख गरेको भुल्न हुन्न ।

## सामाजिक सञ्जाल




अबदेशी कुनै व्यक्तिलाई जिस्क्याउने, होच्याउने, घृणा वा द्वेष उत्पन्न गराउने, चरित्र हत्या गर्ने वा गाली बेइज्जती मानिने विषयवस्तु सामाजिक सञ्जालमा सम्पेषण गरेमा पाँच वर्षसम्म कैद र १५ लाखसम्म जरिवाना हुनेछ रे । अब अरूलाई गाली नगरी खाएको पनि नपच्नेहरूको दिन गए है गए ।

-होसप्रसाद हुमागाइँ



सरकारको आलोचना र बिरोध गरेकै भरमा १५ लाख जरिवाना र पाँच बर्ष जेल हाल्ने नीति प्रचण्ड र ओलीले ल्याएको हो भने ठीक छ हामी चुप बस्छौं तर यहि वाक स्वतन्त्रताका लागि भनेर मारिएका १७ हज़ार गरिबका छोरा प्रचण्ड र बादलले फेरि चिहानबाट उठाएर जस्ताको तस्तै बनाउन सक्छौं ?

- कल्पना अधिकारी



चुनावका बेला उपलब्ध पार्टी मध्ये तुलनात्मक रूपमा राम्रो पक्षमा उभिनु एउटा सचेत नागरिकको बाध्यता अवश्य होला।तर अन्य अवस्थामा पार्टी र नेता निरपेक्ष रही केवल गुण र दोषको आधारमा तिनको समर्थनरविरोध गर्नुपर्छ,पार्टी र नेता हेरेर होइन । अन्यथा राजनीतिले हाम्रै सिरमा निरन्तर खेलिरहने छ ।

- सञ्जय कोइराला



एमसीसीमा सत्तापक्ष र प्रतिपक्ष दुवै संसदीय अभ्यासमा नराम्रोसँग चुकेका छन् । संसदको गरिमा र यसको ओज राख्न सकेनन दुवैले पक्षले ।

- सञ्जिव वाग्ले

# राष्ट्रियता र समृद्ध अर्थतन्त्रको बहस



■ दिवस विष्ट

> “नवउदारवादले एकात्मक मात्र होइन, निरंकुश प्रकरणको अर्थतन्त्रलाई जन्म दियो र सिंगो विश्व अर्थतन्त्रलाई आफ्नो मुठ्ठीमा कब्जा गरायो । यो प्रकरणले विकासोन्मुख तथा अल्पविकसित मुलुकको अर्थतन्त्रलाई तहसनहस बनायो । आन्तरिक उत्पादनलाई विनाश गऱ्यो । स्थानीय शैली तथा सीपलाई जोखिम पुऱ्यायो ।

उदारीकृत विश्व परिवेशमा समृद्ध अर्थतन्त्रको परिकल्पना एकमात्र सपना हो । समृद्ध राज्य निर्माणको आधार बलियो अर्थतन्त्र नै हो । विश्व अर्थतन्त्रमा समृद्धिको पाइला चुम्न अनेकौं अवसर र लाभको उपयोग गर्ने प्रयास निरन्तर हुन्छ । सन् १९८० को दशकबाट आर्थिक विकासको नारा बोकेर बनेका शक्तिसम्पन्न मुलुकहरूले ल्याएको बहाव नै उदारीकरण हो । उदारीकरणले बजार अर्थतन्त्र र विकास प्रशासनका आयामबीचको सम्मिश्रणबाट आर्थिक विकास र समृद्धिको आधार खडा गर्ने प्रयत्न गरेको हुन्छ । विश्वव्यापीकरणको उदय भए सँगै प्रतिस्पर्धा र बजारतन्त्रले आर्थिक विकासको मूल फुट्ने विश्वास विश्व परिवेशमा जागृत गरायो । राष्ट्रियता स्वाभिमानको विषय हो । राज्यप्रतिको माया, सद्भाव अनि सम्मान राष्ट्रियताका भाव हुन् । आफ्नो राज्य सम्झेर सन्तुष्टिको घमन्ड गर्नु राष्ट्रवाद हो । राष्ट्रियता सीमा र सुरक्षासँग मात्र होइन, देशको सर्वाङ्गीण पक्षसँग सम्बन्धित हुन्छ । त्यसैले आर्थिक समृद्धि हासिल गर्नु, विश्व परिवेशमा शक्तिमान अर्थतन्त्रको मुलुकको लिस्टमा दर्ज हुनु पनि राष्ट्रियताका स्वरूप हुन् । प्रस्तुत आलेखमा उदारीकरणको बढ्दो स्वरूपले समृद्ध अर्थतन्त्र र राष्ट्रियतामा पार्ने प्रभावबारेमा चर्चा गरिएको छ ।

उदारीकरणले विश्व अर्थतन्त्रलाई प्रतिस्पर्धा र बजारीकरणमा केन्द्रित बनायो । समृद्ध अर्थतन्त्रको निर्माणमा उदारीकरणलाई प्रमुख औजारका रूपमा लिइएको छ । उदारवादले अर्थतन्त्र चलायमान बनाउने कला देखायो । तर, उदारवादको लाभ लिन कुन मुलुक बढी सक्षम भयो ? के उदारवादले सम्पूर्ण मुलुकलाई लाभ पुग्यो ? उदारीकरणले अर्थतन्त्रलाई समन्यायिक बनाउन सक्यो ? उदारीकरणले व्यापारको बहुआयमिक पक्षलाई समेट्न सक्यो ? विश्व अर्थतन्त्र सक्षम, सबल र सन्तुलित बन्न सक्यो ? कम विकसित तथा विकासोन्मुख अर्थतन्त्र भएका मुलुकहरूका लागि उदारीकरणले के-कति आर्थिक उदारताको अवसर प्रदान गऱ्यो ? यस्ता प्रश्नको जवाफ आफैंमा अन्योल छन् ।

राष्ट्रियता राज्यको सकारात्मक प्रगतितर्फ केन्द्रित हुन्छ । यो राज्य समृद्ध हुँदाको सुखद अनुभूति हो । सम्पन्नता वा सक्षमताको चमक राष्ट्रियताबाट झुल्किन्छ । मुलुकमा आर्थिक तथा सामाजिक विकास हासिलमार्फत समृद्धि भित्रिन्छ । नेपालले हाल (सन् २०१८ बाट) २५ वर्षभित्र समृद्धि हासिल गर्ने परिकल्पना पन्ध्रौं योजनामार्फत गरेको छ । यो कोसेढुंगा पार गर्न नेपालले सन् २०२२ सम्म अल्पविकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने, सन् २०३० सम्म मध्यम आय भएको मुलुकमा नेपालको स्तरोन्नत्ति गर्ने र सन् २०४३ मा पुगेपछि नेपालले समुन्नत मुलुकको लिस्टमा समावेश हुने २५ वर्षे गन्तव्य निर्धारण गरेको छ । सन् १९९० को दशकबाट विश्व उदारीकरणमा प्रवेश गरेको नेपालले के-कति लाभ हासिल गऱ्यो ? यो विषय चरम चर्चाको रह्यो । रोजगारी सिर्जना, उत्पादनमुखी लगानी प्रणाली, आधिुनिक व्यावसायिक कृषि प्रणाली, वैदेशिक लगानीको आकर्षण, प्रविधिको ज्ञानले भरिपूर्णतालगायत सम्पन्न गुणको आसमा उदारीकरणको बहावमा नेपाल समेटिएको हो ।

करिब तीन दशकको अन्तरालमा नेपाली अर्थतन्त्र एकान्तमा रुमल्लिएको छ । उदारीकरण तथा विश्व व्यापार संघमा नेपाली अर्थतन्त्रको प्रवेशसँगै युरोप तथा अमेरिकाको कोटा व्यापार प्रणालीको अपहरण भयो । उदारीकरणले विश्व व्यापार तथा बजारमा पहुँचको अवसर प्रदान गऱ्यो, तर प्रतिस्पर्धात्मक बजारीकरणका कारणले नेपाली वस्तु तथा सेवाको उत्पादन प्रणाली बन्दको हविगत आयो । यसको पछाडि क्षमता अभिवृद्धिको अवसर नहुनु हो । रोजगारी सिर्जनाको सम्भावना वैदेशिक रोजगारीमा डर्टी, डेन्जर अनि डिफिकल्ट (थ्रीडी) कामका लागि मात्र प्रयोग गरियो । फलतः वैदेशिक रोजगारीमा जाने सम्पूर्ण कामदार जानुअघि, गइसकेपछि र फर्किसकेपछि कुनै न कुनै रूपमा आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक त्रास तथा पीडाले बाँधिएको अवस्था छ ।

वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स कुल गार्हस्थ्य उत्पादनको करिब २६ प्रतिशत बराबरी छ । यो रकम उत्पादनमुखी क्षेत्रमा राज्यले लगानी गर्न सकेन । १५ देखि ५९ वर्षको जनसंख्या करिब ५६.९६ प्रतिशत (वि.सं. ०६८ को जनगणनाअनुसार) छ । जनसंख्याको लाभांश राज्यले उठाउन सकेन । उदारीकरणले प्रदान गरेको विश्व बजारमा श्रमशक्तिको प्रवेश अदक्ष, कम तलबमै सीमित भयो, जसले सस्तो श्रम बजारको केन्द्र यिनै अल्पविकसित मुलुक नै बनाए । कृषि उत्पादन प्रणालीमा आधुनिक प्रविधिको उपयोग नहुनाले व्यावसायिक कृषि प्रणालीमा आकर्षण हुन सकेन । विश्व परिवेशबाट प्राप्त खाद्यान्नलगायतका आधारभूत आवश्यकताको वस्तु तथा सेवा नेपालका सहरमा मात्र होइन ग्रामीण क्षेत्रमा समेत सहज आपूर्ति हुन थाल्यो । यो अर्थमा नेपाली बजार विदेशी उत्पादनले भरिने परिदृश्य पक्का नै छ ।

उदारीकरणको लाभ आकलन गर्दै गर्दा नेपालजस्तो अल्पविकसित मुलुकले के प्रगति र दुर्गति हासिल गऱ्यो वा गर्दै छन् भन्ने विषयमा केही छलफल गरौं । अल्पविकसित मुलुकमा प्रतिस्पर्धाको नामकरण गरी पुनः एकात्मकवादलाई प्रश्रय गर्ने बहु निगमयुक्त मल्टिनेसनल कम्पनीको स्थापना हुन थाल्यो । नवउदारवादले एकात्मक मात्र होइन, निरंकुश प्रकरणको अर्थतन्त्रलाई जन्म दियो र सिंगो विश्व अर्थतन्त्रलाई आफ्नो मुठ्ठीमा कब्जा गरायो । यो प्रकरणले विकासोन्मुख तथा अल्पविकसित मुलुकको अर्थतन्त्रलाई तहसनहस बनायो । आन्तरिक उत्पादनलाई विनाश गऱ्यो । स्थानीय शैली तथा सीपलाई जोखिम पुऱ्यायो । विश्व अर्थतन्त्रलाई आफ्नो बगलमा राख्ने निगम तथा कम्पनीहरू विश्व व्यापार संगठन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय वित्त निगमजस्ता विश्व अर्थतन्त्रका नियमनकारी निकायबाट अर्थतन्त्र समृद्ध बनाउने नारासहित उदारीकृत नीतिको निर्माण र कार्यान्वयन गराउन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभाव जमाउन खोजिरहेका हुन्छन् । यो प्रक्रिया एक हदसम्म सफल हुँदै आएको पनि छ ।

मल्टिनेसनल कम्पनीहरूमा लगानी पक्कै पनि ठूला अर्थव्यवस्था भएका मुलुकको हुन्छ नै । अब अल्पविकसित मुलुकको अर्थतन्त्रलाई विभिन्न माध्यमबाट आफ्नो नियन्त्रणमा राखी मल्टिनेसनल कम्पनीको माध्यमबाट कसरी राजनीतिक तथा आर्थिक रूपमा हस्तक्षेप गर्छन् भन्ने गतिलो उदाहरण देखिने क्रम विश्व परिवेशमा जारी छ । नेपालमा पनि बढ्दो छिमेकी प्रभाव बढ्नुको पछाडि अर्थतन्त्रमा उत्तर-दक्षिण मुलुकले हिस्सा ओगट्नु नै हो, जसले सीमा मात्र होइन, राष्ट्रिय महत्वको विषयमा पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा हस्तक्षेप बढेको अनुभूति आमनेपालीले गरेकै विषय हो ।

उदारीकृत अर्थतन्त्रले विकास गरेको नयाँ शैलीलाई नवउदारवादको नामले चिन्ने गरिन्छ । वास्तवमा नवउदारवादलाई पुँजीवादकै एक झरल आयमका रूपमा बुझिन्छ । बजार नवउदारवादको पहिलो स्तम्भ हो । बजारकै माध्यमबाट राजनीतिक, सामाजिक र आर्थिक निर्णयमा र सार्वजनिक हित, सामाजिक न्यायमाथि यसले आक्रमण गर्छ । यस्ता बहुराष्ट्रिय कम्पनी तथा निगमहरूले प्रतिस्पर्धाबिना नै सार्वजनिक सरोकारका सम्पूर्ण व्यापारिक प्रतिष्ठानमा कब्जामा लिन्छन् । फलतः सामाजिक न्याय, सार्वजनिक हित, सामाजिक विकास, जवाफदेहिता भन्ने मर्म राज्यको दायित्वभन्दा बाहिर जान्छ । विश्वव्यापीकरणको मूल्य र अन्तर्राष्ट्रिय निकायको नियमका कारण नेपालजस्तो अल्पविकसित मुलुक निगम र बहुराष्ट्रिय कम्पनीलाई सुविधा र सहायता दिन्छन् । व्यापारिक नियन्त्रण कायम गरी आर्थिक तथा सामाजिक नियन्त्रण कायम गरी सार्वभौम हस्तक्षेपमा यिनै निगम तथा कम्पनीको प्रत्यक्ष-अप्रत्यक्ष संलग्नता हुन्छ ।

राष्ट्रियताको भावना जोगाइराख्न अब के गर्ने त ? समृद्धिको गन्तव्यमा पुग्न राज्यले एउटा मार्ग कोरेको छ । आर्थिक वर्ष ०७५/०७६ मा आर्थिक वृद्धिदर ६.८ प्रतिशत छ । दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गर्न वि.स. २१०० सालसम्म कुर्नुपर्ने परिकल्पना गरिएको छ । त्यो अवस्थामा कुल अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान करिब ३० प्रतिशत रहेको छ । गरिबीको दर १८.७ प्रतिशतबाट शुन्यमा झार्ने लक्ष्य छ । बहुआयामिक गरिबी २८.६ प्रतिशत छ, जसलाई ३ प्रतिशतमा सीमित गर्ने लक्ष्य छ । निरन्तर रूपमा २५ वर्षसम्मको हाराहारीमा दोहोरो अंकको आर्थिक वृद्धिदर कत्तिको सम्भव छ त ? छिमेकी मुलुक चीनले सन् १९७८ देखि सन् २०१२ सम्म निरन्तर रूपमा दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गऱ्यो । सम्भव त छ, उसो भए नेपालले कसरी सम्भव बनाउने भन्दा नेपालले निर्धारण गरेको दिगो विकासका लक्ष्य हासिल गरी र राष्ट्रिय गौरवका २१ आयोजना सफल बनाउनुपर्ने पहिलो सर्त रहेको छ ।

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान हाइटीको भन्दा कम र कम्बोडियाको भन्दा ६ गुणा कम छ । त्यसैले नेपाली अर्थतन्त्रमा पर्यटन क्षेत्रको विकास अनिवार्य छ । औद्योगिक क्रान्तिको समयमा प्रतिव्यक्ति आम्दानी दोब्बर बनाउन बेलायतलाई १ सय ५० वर्ष लाग्यो, अमेरिकालाई ५० वर्ष मात्र लाग्यो, छिमेकी भारत र चीनलाई मात्र १५ वर्षमा भन्दा बढी लागेन । त्यसैले प्रतिव्यक्ति आयको वृद्धिसँगै सक्षम, आत्मनिर्भर, समृद्ध अर्थतन्त्रको निर्माण गर्न सके नवउदारवादको चक्रबाट उम्किएर एउटा विकसित मुलुक हुने निश्चित छ । व्यावसायिक, गतिशील, उत्पादनशील, फुर्तिलो, स्थानीय सीप प्रविधिसँग सुहाउँदो, बजारकेन्द्रित, लगानीमैत्री, रोजगारमुखी, प्रविधिमैत्री अर्थ नीतिको कार्यान्वयन गर्नु हाम्रो कार्ययोजना हुनुपर्छ । समृद्ध अर्थतन्त्रको आधार खडा गरी बफर स्टेटका रूपमा स्थापित हुँदै अखण्ड स्वाभिमान राष्ट्रियताको आधार आजको अवसर र चुनौती रहेको छ ।

# नलगाड आयोजनामा अपनत्व खोज्दै प्रभावित



रमेश लम्साल

जाजरकोट जिल्लामा आयोजना स्थल रहेको नलगाड जलविद्युत् आयोजनालाई सरकारले छिट्टै निर्माण प्रक्रियामा लैजाने तयारी गरेको छ । आयोजना राष्ट्रिय महत्वमा समावेश छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आयोजनामा सहयोग उपलब्ध गराउन जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लाई आग्रह गरिसकेको छ । सो आयोजनामा लगानीका लागि जापानी व्यवसायी एवम् जाइकाले समेत इच्छा व्यक्त गरेको छ । सरकारले आयोजना प्रभावित ६ सय ५७ घरपरिवारलाई २ अर्ब ७२ करोड मुआब्जा बाँड्ने तयारी थालेको छ । जिल्ला प्रशासन कार्यालय जाजरकोटले गत भदौ ३१ गते सार्वजनिक सूचनामार्फत आयोजना प्रभावितका लागि मुआब्जा लिन आउन आग्रह गरेको थियो । हाल आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीको क्रममा रहेको छ । चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेटमा समेत आयोजना प्रभावितलााई मुआब्जा वितरण गरी निर्माण सुरु गर्ने कार्यक्रम समावेश गरिएको छ ।

प्रदेशगत सन्तुलन एवम् ऊर्जाको माग र आपूर्ति मिलाउनका लागि सरकारले सो आयोजना निर्माण गर्न लागेको हो । सुरुमा कुल ४ सय १० मेगावाट क्षमतामा निर्माण गर्ने भनिएको आयोजनाको हाल ७ मेगावाटले वृद्धि भई ४ सय १७ पुगेको छ । डीपीआर सकिएलगत्तै सरकारले आयोजना निर्माणको काम सुरु गर्ने तयारीसमेत गरेको छ । डीपीआरको काम चलिरहेका बेला आयोजनाले पार्ने वातावरणीय प्रभावलगायतका विषयमा समग्र कर्णाली प्रदेशका लागिसमेत महत्वपूर्ण र दीर्घकालीन प्रभाव पार्ने भएकाले सुरुवाती चरणमा नै विशेष ध्यान दिन आग्रह गरेका छन् । उनीहरूले आयोजनाले पार्ने वातावरणीय एवम् जैविक प्रभाव न्यून गर्नुपर्ने र वातावरणीय संरक्षण नियम-२०५४ लाई ध्यान दिनुपर्नेमा जोड दिए । आयोजनाको जलाशयले माथिल्लो तटीय क्षेत्र ५ सय ६९ वर्ग किलोमिटरमा फैलिएको छ भने जम्मा तटीय क्षेत्र तल्लो क्षेत्रसहित ६७७ वर्ग किलोमिटर छ ।

आयोजना निर्माणपछि हरित ग्यासको उत्सर्जन घट्ने र कार्बन डाइअक्साइडको उत्सर्जन हुनबाट ७ लाख १७ हजार टन बचत हुनेछ । आयोजनाले क्षेत्रीय पूर्वाधारको विकास, विदेशी मुद्रा आर्जन, पर्यटन, ग्रामीण अर्थतन्त्रको विकास र विस्तार एवम् रोजगारीको सिर्जना, व्यापार व्यवसायको अवसरमा वृद्धि हुनेछ । आयोजना निर्माणका लागि ६ वर्ष ६ महिना लाग्ने अनुमान छ । वातावरणीय प्रभाव मूल्याङ्कनअनुसार आयोजनामा २ सय १० मिटर अग्लो र ५ सय ४५ मिटर चौडाइको जलाशय हुनेछ । पानी पूर्ण रूपमा भरिँदा ४ अर्ब ७४ करोड घनमिटर पानी भण्डारण हुनेछ । आयोजनाले नलगाड नगरपालिका-५ र ७, बारेकोट गाँउपालिका-१, २,५, ६, ७ र ८ प्रभावित हुनेछ ।

कर्णाली प्रदेशसभाका सदस्य गणेशप्रसाद सिंहले प्रभावित क्षेत्रका नागरिकको व्यवस्थापन गर्नुपर्ने, जल, जङ्गल र जमिनको उचित संरक्षण गर्नुपर्नेमा जोड दिए । कर्णाली प्रदेशसभा सदस्य कौशिलावती खत्रीले आयोजना प्रभावित क्षेत्रका महिला, बालबालिका, अल्पसंख्यक समुदायको विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै कर्णाली प्रदेश सरकारलाई विशेष रूपमा सहभागी गराउन आग्रह गरिन् । नलगाड नगरपालिकाका प्रमुख टेकबहादुर रावलले वातवरणीय प्रभाव मूल्यांकनले आयोजना प्रभावित तथा आसपासको क्षेत्रको समग्र विवरण नआएको गुनासो गरे । विश्वको दुर्लभ रेडपान्डा, तिरकालिज, सुनगिद्ध, पानीओत, फलाम र तामाखानी, शिलाजित, कस्तुरीलगायतका बहुउपयोगी सामग्री ती स्थानमा पाइन्छन्, तर प्रतिवेदनले ती विषयलाई छुटाएको उनको भनाइ छ । नगरप्रमुख रावलले स्थानीयवासीलाई आवश्यकताका आधारमा भन्दा पनि चाहे जति सेयर दिने व्यवस्था गर्न माग गर्नुभयो । सरकारले आयोजना प्रभावितलाई १० प्रतिशत सेयर दिने व्यवस्था कार्यान्वयन गरिरहेको छ ।

बारेकोट गाँउपालिकाका अध्यक्ष महेन्द्रबहादुर शाहले प्रभावित क्षेत्रका जनताको स्थायी बसोबासको सुनिश्चितता गर्दै स्थानीय जनतालाई आयोजना आफ्नो हो भन्ने विश्वास दिलाउनुपर्ने बताए । वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रभावित क्षेत्रमा अवाञ्छित गतिविधि भएको जानकारी आफूले पाएको भन्दै त्यसलाई समयमै नियन्त्रण गर्नुपर्ने बताए । उनले भने, “सरकारले दिने मुआब्जामा आयोजना प्रभावित नागरिकको समान हिस्सा रहन्छ, तर केहीले अनावश्यक गतिविधि गरेको भन्ने जानकारी आएको छ । यसलाई नियन्त्रण गर्न सरकारका तर्फबाट मैले पनि पहल गर्छु, आयोजनाले पनि त्यसमा ध्यान देओस् ।” आयोजना निर्माण हुने खबरसँगै केही टाठाबाठाले प्रभावित क्षेत्रमा जग्गा जमिन खरिद गरेको र स्थायी संरचनासमेत खडा गरेको भन्दै स्थानीयवासीले यसअघि नै विरोध गरिसकेका थिए ।

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# ‘सरकार र पार्टीले सातै प्रदेशको विकासमा जोड दिनुपर्छ’

**हेटौंडा/मस**– नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का वरिष्ठ नेता माधवकुमार नेपालले पार्टीको विधि र विधानअनुसार एकीकरणलाई छिटो सम्पन्न गरिनुपर्नेमा जोड दिएका छन् ।

नेकपा हेटौँडा उपमहानगर कमिटीद्वारा मंगलबार आयोजित वडा सदस्यहरूको शपथ कार्यक्रममा नेता नेपालले पार्टीको नेतृत्व तहले एकीकरणलगायत पार्टीको दिगो विकासको सम्बन्धमा बोलेका प्रतिबद्धता पूरा गर्नुपर्ने र पार्टीको विधानअनुसार हिँड्नुपर्ने बताए ।

सरकार र पार्टीले सातै प्रदेशको विकास र समृद्धिमा जोड दिनुपर्ने उनको भनाइ छ ।

कार्यकर्ताले पदका लागि नभई पार्टीका लागि काम गर्नुपर्ने र जिम्मेवारी वहन गर्नुपर्ने उनले जोड छ ।

पार्टीलाई आगामी दिनमा प्रभावकारी बनाउन सबै तह र समुदायलाई समेटेर काम गर्न उनले सबैलाई आग्रह गरे ।

यही पुस २३ गते बस्ने बैठकमा पार्टीलाई नयाँ ढङ्गले सञ्चालनका लागि तथा सीमा र एमसिसीलगायत विषयमा निर्णय हुने समेत उनले जानकारी गराए ।

कार्यक्रममा प्रदेश नं ३ का मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकारले प्रदेशमा सक्रियताका



साथ समृद्ध नेपाल र सुखी नेपाली बनाउनेतर्फ उदाहरणीय काम गरेको बताए ।

राष्ट्रिय सभा, प्रत्यायोजन समितिका सभापति रामनारायण बिंडारीले पार्टी एकतालाई प्रभवकारी बनाउन स्थानीयदेखि केन्द्रसम्म एक ढिक्का भएर लाग्नुपर्ने विचार व्यक्त गरे ।

पार्टीका जिल्ला सहइञ्चार्ज कुमारी मोक्तानले पार्टीलाई अगाडि बढाउन सबैको विश्वास जित्नुपर्छ र समुन्नत समाज बनाउनेतर्फ सबै लाग्नुपर्नेमा जोड दिइन् ।

केन्द्रीय सदस्य तथा सांसद विरोध खतिवडाले पार्टीले वडादेखि केन्द्रीय तहसम्मको समस्या बुझ्नुपर्ने तथा पार्टीको कामलाई टिकाउनेमा विशेष जोड दिनुपर्ने बताए । अर्का केन्द्रीय सदस्य केदार न्यौपानेले पार्टीका नेताहरू भाषणमुखी नभई कार्यमुखी हुनुपर्ने बताए ।

केन्द्रीय सदस्य काशीनाथ अधिकारीले नेता तथा कार्यकर्ताले सरकारको टीकाटिप्पणी गर्नुभन्दा पनि आफ्ना जिम्मेवारीलाई पूरा गर्नुपर्ने बताए ।

# क्यानले एकलाख पर्यटक भित्र्याउने

**इटहरी/मस**– नेपाल सरकारले अंग्रेजी नयाँ वर्ष २०२० लाई भ्रमण वर्षको रूपमा मनाउने घोषणा गरेसँग ७७ जिल्लाभर हर्षोउल्लासका साथ आन्तरिक तथा बाह्य पर्यटकहरूलाई भव्य स्वागत गरिँदैछ ।



प्रदेश एक सरकारले पनि आन्तरिक एवं बाह्य पर्यटकहरूलाई लक्षित गरी बिभिन्न कार्यक्रमहरू ल्याउने भएको छ । अहिले प्रदेश १ को विभिन्न जिल्लाहरूमा भ्रमण वर्ष २०२० को अवसर पारेर पर्यटकहरूलाई लोभ्याउन मेला र महोत्सवको आयोजना हुँदै आएका छन् ।

यसै सन्दर्भमा कम्प्युटर व्यवसायीहरूको संगठन कम्प्युटर एसोसिएसन नेपाल महासंघ सुनसरीले पनि एक लाख आन्तरिक पर्यटकहरू भित्र्याउने लक्ष्यसहित आगामी माघ १ गते देखि ५ गतेसम्म क्यान इन्फोटेक मेलाको तयारी थालेको छ ।

बढ्दो सूचना प्रविधिको विकास र त्यसबाट मानव जिवनमा पुग्ने फाइदा तथा क्षति र सुरक्षित उपभोगको विषयमा ज्ञानमुलक सिप र जानकारी गराउने उदेश्यसहित क्यान इन्फोटेक मेलाको आयोजना गर्न लागिएको पत्रकार सम्मेलन मार्फत जानकारी गराएको छ ।

आगामि माघ १ गतेदेखि ५ गते सम्म सुनसरीको इटहरीमा सूचना प्रविधि सम्बन्धि बृहत प्रदर्शनी ‘क्यान इन्फोटेक २०२०’ आयोजना हुने पत्रकार सम्मेलनमा जनाइएको छ । अघिल्लो वर्ष ७५ हजार सम्म आन्तरिक पर्यटकहरू भित्र्याएको इन्फोटेक मेलाले यो पटक १ लाख पर्यटकहरू ल्याउने दाबी समेत गरेको छ । क्यान महासंघ प्रदेश नं. १ को सम्योजनमा हुने मेला इटहरीस्थित जनता स्कुलको खेल मैदानमा हुनेछ ।

नेपालमा सूचना तथा सञ्चार प्रविधि (आईसीटी) बारे चेतना बढाउन, उद्योग तथा उद्यमीहरुको आवश्यकता थाहा पाउन र त्यसका लागि चाहिने सहयोग दिलाउने उदेश्यका साथ सो प्रदर्शनी आयोजना गर्न लागिएको आयोजकले जनाएको छ ।

इन्फोटेकमा आइसिटी एक्ससरिज, गेम पार्लर, प्रोडक्ट लञ्चिङ, रकेट प्रदर्शनी, रोबोटिक्स, इ-वेष्ट म्यानेजमेण्ट, वाइफाइ, इण्टरनेट र लर्निङ सेन्टर, आईटी कलेजका विद्यार्थीद्वारा निर्माण गरिएका प्रोजेक्ट तथा रोजगार केन्द्र मुख्य हुने आयोजकले जनाएको छ । सूचना प्रविधि प्रदर्शनीमा क्यानमहासंघका सदस्य संस्थाका साथै विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि सम्बन्धि कम्पनीहरुको सहभागिता रहनेछ । प्रदर्शनीलाई व्यवसायीहरूले व्यापार विस्तारका साथै नयाँ-नयाँ प्रविधिको प्रदर्शनी गर्ने थलोका रूपमा उपयोग गर्न सक्नुका साथै अवलोकनकर्ताले एकै थलोमा सूचना तथा सञ्चार प्रविधिका नौला प्रविधि र उपकरणको अवलोकन तथा खरिद गर्न पाउने क्यान सुनसरीका अध्यक्ष विशाल बास्तोलाले बताए ।

# दोलखामा आजदेखि किवी महोत्सव

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १५ पुस

‘नेपाल भ्रमण वर्ष २०२०’ को अवसरमा दोलखाको चरिकोट बजार यतिबेला बेहुली झैँ सिँगारिएको छ ।

नेपाल भ्रमण वर्ष २०२० लाई मध्येनजर राख्दै जिल्लाको भीमेश्वर नगरपालिकाले किवी महोत्सवको आयोजना गर्दैछ ।

नेपालमै पहिलो पटक दोलखाबाट पहिचान र व्यवसायिक उत्पादन शुरु भएको किवी फलको प्रवर्द्धनको लागि भीमेश्वर नगरपालिकाले आजदेखि किवि महोत्सवको आयोजना गर्न लागेको हो ।

दोलखा सदरमुकाम चरिकोटमा पहिलो पटक फलफूलको राजा किवी फलको पहिचान र व्यवसायीक उत्पादन शुरु भएको हो ।

एक सातासम्म चल्ने किवी महोत्सवमा किवी फलको स्टल राखिनुका साथै किवीको उपयोगिता, उत्पादनको अवस्थाका बारेमा चर्चा गरिने, अन्य घरेलु उत्पादनका सामानहरु राखिने, सुन्तला लगायत दोलखामा उत्पादन हुने कृषि जन्य वस्तुहरुको स्टल राख्ने व्यवस्था गरिएको भीमेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर खड्काले जानकारी दिए । उनका



अनुसार महोत्सवको अवधिभर सांस्कृतिक कार्यक्रम, सांस्कृतिक झाँकीहरु, राष्ट्रिय खेलाडिहरुको सम्मान लगायतका कार्यक्रम सञ्चालन हुने छन् ।

महोत्सवमा जिल्ला समन्वय समिति दोलखासहित जिल्लाको अन्य स्थानीय तह र संघसंस्थाको समेत सक्रिय सहभागिता रहनेछ । महोत्सव बुधबार बिहान ११ बजे प्रदेश नम्बर ३ का भूमी व्यवस्था, कृषि तथा सहकारीमन्त्री दावा दोर्जे लामाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । लामोसाँगु जिरी सडक निर्माणको क्रममा इन्जिनियरको काम गर्न २०४३ सालतिर दोलखा आएका स्वीस नागरिक जेएफ मेस्सीले आफु बसेको चरिकोट स्थित श्याम खड्काको घरमा किवी फल रोपेका थिए ।

२०५८/०५९ सालतिर श्याम खड्काले मेस्सीले रोपेको बिरुवामा फलेको ५२ किलो किवी फल पहिलो पटक काठमाडौंको कालिमाटीमा लगेर १० हजारमा बिक्रि गरेका थिए । त्यसपछि व्यवसायिक उत्पादन शुरु गरिएको किवी फलको खेती अहिले देशको विभिन्न पहाडी तथा हिमाली जिल्लामा समेत विस्तार भएको छ ।

दोलखाको चरिकोटबाट देशमै पहिलो पटक किवी फलको पहिचान र व्यवसायिक उत्पादन शुरु भएकोले यसको प्रवर्द्धनको लागि भीमेश्वर नगरपालिकाले आजदेखि सदरमुकाम चरिकोटमा किवी महोत्सव आयोजना गर्न लागेको नगरप्रमुख भरत केसीले बताए ।

महोत्सवको अवधिभर सांस्कृतिक कार्यक्रम, सांस्कृति झाँकीहरु, राष्ट्रिय खेलाडिहरुको सम्मान लगायतका कार्यक्रम समेत सञ्चालन हुनेछ ।

किवी महोत्सवको अवधिमा दोलखा आउने पर्यटकहरुलाई चरिकोटको होटलहरुमा आवासको लागि २५ प्रतिशत र खाना, खाजाको लागि १५ प्रतिशत सम्म छुटको समेत व्यवस्था गरिएको नगरप्रमुख केसीले बताए ।

जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले किवी महोत्सवमा जिल्लाको अन्य स्थानीय तह र संघसंस्थाको समेत सक्रिय सहभागिता रहने बताए ।


## माईग्रेसन प्रमाणपत्र हरायो

निम्न नाम थर र जन्म मिति भएको माईग्रेसन प्रमाणपत्र हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकीमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनहुन अनुरोध गर्दछु ।

**नाम** : सिरज गुरुङ्ग
**जन्म मिति** : २०५५।८।२२
**रजिष्ट्रेसन नं.** : ७३२७९९२०५
**सम्पर्क नं.** : ९८६०३०२८६८

## काठ /दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/०९/१६ गते

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेडको सल्ले गोलिया ६ थान १०६.४२ क्यू.फिट, (बी) ग्रेड साल गोलिया काठ ८ थान ७३.१९ क्यू.फिट, असना गोलिया काठ २० थान १८१.६३ क्यू.फिट, सल्ले गोलिया ३० थान २१७.९९ क्यू.फिट, (सी) ग्रेड साल गोलिया काठ २७ थान ११३.३ क्यू.फिट, जम्मा साल गोलिया काठ ३८ थान १८६.४९ क्यू.फिट, असना गोलिया काठ जम्मा २० थान १८१.६३ क्यू.फिट, सल्ले गोलिया कुल ३६ थान ३२४.४१ क्यू.फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-१०, सुर्खेत**

## काठ /दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/०९/१६ गते

श्री बाँसघारी सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेडको साल गोलिया ३ थान ४०.६० क्यू.फिट, असना गोलिया काठ ६ थान ११२.६८ क्यू. फिट, (बी) ग्रेड साल गोलिया काठ २६ थान २६४.०९ क्यू.फिट, असना गोलिया काठ ३६ थान ३१०.८९ क्यू.फिट, (सी) ग्रेड साल गोलिया काठ ७६ थान ४११.९९ क्यू.फिट, जम्मा साल गोलिया काठ १०५ थान ७१६.६८ क्यू.फिट, असना गोलिया काठ जम्मा ४२ थान ४२३.५७ क्यू.फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बाासघारी सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-१०, सुर्खेत**

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
### बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी
### नि:शुल्क तालिम सम्बन्धि सुचना

वैदेशिक रोजगार बोर्डको सचिवालयको प्रायोजनमा १ महिने नि:शुल्क सीप तथा रोजगार मूलक तालीम हुदैछ ।

बालाजु औद्योगिक क्षेत्र, काठमाण्डौ
४३५०२१३, ४३५०२२८, ९८१०१०१२२७

तालिमका विषयहरु
- इलेक्ट्रिसियन, प्लम्बर
- असिस्टेन्ट वेल्डर, सटरि कार्पेट
- डकर्मी (मेशन), स्टिल फिक्सचर
- एसिस्टेन्ट स्काफोल्डर

## मलेसियामा रोजगार | कम्पनी: BLUE I CORPORATION SDN.BHD(700184-X) शहर : KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७६/०९/१५ चलानी नं.: ६०१४९३६७ LT.No.: 230270

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1100 | ३०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २३ गते (8 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Kalika Human Resource Pvt. Ltd**
Gov. Lic No. 1331/074/075
Basundhara, Kathmandu, Tel : 4365281, 4387803
Email : kalikahuman1331@gmail.com, Web.: www.kalikahuman.com.np

## कुवेतमा रोजगार | कम्पनी: AL ATAA AL KUWAITIA FOR GENERAL TRADING & CONT. COMPANY. W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७६/०९/१६ चलानी नं.: ६०१४९२८७ L.T. No.: 230187

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 9 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४५,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Labour | 6 | 0 | | 120 | ४५,०१५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पौष २३ गते (8 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mashareq International Overseas (P) Ltd.**
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१- ४४९९७६३, ४४७८३३५

## मलेशियामा रोजगारको अवसर | कम्पनी: DAIKO PACK SDN BHD शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/०९/१५ चलानी नं.: ६०१४९३४३ LT. No.: 230315

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 23 | 0 | स. काममा दक्ष | 1100 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २३ गते (8 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**J.S.N. International Pvt. Ltd.**
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

## मलेसियामा रोजगार | १. कम्पनी : LHOIST (MALAYSIA) SDN BHD शहर: JALAN

पूर्व स्वीकृत मिति: २०७६/०९/१३ चलानी नं.: ६०१४९२४३ LT. No.: 230201

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 35 | 0 | स. काममा दक्ष | 1100 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : REGATTA RESIDENCES SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/१३ चलानी नं.: ६०१४९२४२ LT. No.: 230203

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 1100 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८ र २९ गते (13 & 14 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Y.K. Manpower Agency Pvt. Ltd.**
(Asia Power Overseas Employment Services Pvt. Ltd.)
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: 4499181, E-mail: ykmanpoweragency@gmail.com
info@ykmanpower.com, Web.: www.ykmanpower.co

## Free Visa ! Free Ticket ! सहित मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: ORNAPAPER INDUSTRY (BATU PAHAT) SDN BHD, JOHOR
पूर्व स्वीकृत मिति: २०७६/०९/१५ चलानी नं.: ६०१४९३४७ LT. No.: 230150

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1100 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता संस्थाको कार्यालय, काठमाडौंमा पुस २३ गते (8 Jan. 2020) मा हुनेछ ।

**TITANIC टाइटानिक** PEOPLE. PROCESS. POWER.
मेनपावर सप्लायर प्रा. लि.
(श्रम इजाजत नं.: १८५/०५८/०५९)
G.P.O. Box: 19904, Basundhara, Chakrapath, Kathmandu, Nepal
Phone: 01-4353252, 4364659,
Email : info@titanicmanpower.com | Website: www.titanicmanpower.com
ISO 9001:2008 Cert No. 63436/A/000/UK/En
UKAS MANAGEMENT SYSTEMS 043

# राष्ट्रिय शिक्षानीति कार्यान्वयनका जटिलता

**प्रकाश सिलवाल/रासस**
काठमाडौं, १५ पुस



एकातिर सामुदायिक विद्यालयमा गुणस्तरवृद्धिका लागि अपर्याप्त बजेट, अर्कातिर निजी विद्यालयको बढ्दो व्यापारीकरण ! यस्तो स्थितिमा समाजवादोन्मुख संविधानअनुकूल मानिएको 'राष्ट्रिय शिक्षा नीति, २०७६' को सहज कार्यान्वयन कसरी होला ?

शिक्षा नीतिका लागि सुझाव दिन गठित तत्कालीन उच्चस्तरीय रीष्ट्रिय शिक्षा आयोगका कतिपय सदस्यबाटै आफूहरूको सुझाव र मार्गचित्रअनुसार शिक्षामा रुपान्तरण हुनेमा आशंका व्यक्त गर्न थालिएको छ । प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्मको संरचना र नीतिमा पुनरवलोकन गरिएको संघीय व्यवस्थापछिको पहिलो राष्ट्रिय शिक्षा नीतिले विगतको यथास्थितिबाट सुधारोन्मुख भए पनि अग्रगामी हुन नसकेको विज्ञहरूको बुझाइ छ । 'शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति सामाजिक न्याय, रुपान्तरण र समृद्धि'को दूरदृष्टि बोकेको उक्त नीतिले नारा बोकेको तर नीति बोक्न नसकेको उनीहरूको टिप्पणी छ ।

शिक्षामा बढ्दो व्यापारीकरण रोक्न आगामी १० वर्षपछि माध्यमिक तहमा निजी विद्यालय बन्द गर्नुपर्ने सुझाव आयोगले दिए पनि नीति जारी हुँदा निजी विद्यालयको लगानीको संरक्षण गर्दै सेवामूलक बनाउने उल्लेख भएर आएको छ । 'शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण र संवर्द्धन गर्दै यसलाई सेवामूलक बनाउने र निजीरूपमा लगानी गर्ने व्यक्ति, कम्पनी, कर्पोरेट हाउस, बैंक तथा वित्तीय संस्था लगायतका संस्थाले कर्पोरेट सार्वजनिक उत्तरदायित्व बहन गर्नुपर्ने व्यवस्था गरिनेछ ।' नीतिमा रहेका यस्ता प्रावधानप्रति विज्ञ र सार्वजनिक शिक्षाका अभियानकर्मीको असहमति छ भने निजी क्षेत्रले सकारात्मक मानेको छ ।

आयोगका सदस्य एवं वामपन्थी विश्लेषक श्याम श्रेष्ठले आमूल परिवर्तनको लक्ष्य निर्धारण गर्न नसकेकाले राष्ट्रिय शिक्षा नीतिलाई 'नौनीविनाको मोही' को संज्ञा दिए ।

कक्षा १० पुग्दा ४२ र कक्षा १२ मा पुग्दा ७८ प्रतिशत विद्यार्थीले पढाइ छाड्ने गरेको डरलाग्दो तथ्याङ्कबीच त्यसलाई रोक्नेतर्फ नीतिले शिक्षामा हालको १० प्रतिशत हाराहारीको बजेटलाई दोब्बर बनाउने स्पष्टता नदेखाएकामा श्रेष्ठले चिन्ता व्यक्त गरे ।

सरकारी कोषबाट तलब खाने उच्चपदस्थदेखि कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा अनिवार्य पढाउने व्यवस्था हुनुपर्ने आयोगको सुझाव पनि नीतिमा समावेश गरिएको छैन । मुलुकमा संघीयतामा गइसकेको अवस्थामा शिक्षाका कतिपय संरचनालाई केन्द्रमा राखिएको छ ।

आयोगका अर्का सदस्य डा.षडानन्द कँडेल हालसम्म आयोगको प्रतिवेदन सार्वजनिक नहुनु सूचनाको हकको अपमान भएको जिकिर गर्दै नीतिमा समावेश नभएका विषयमा आगामी संघीय शिक्षा ऐन निर्माणका क्रममा सांसद्हरूले गम्भीरतापूर्वक केलाउनुपर्ने माग गरे ।

शिक्षाविद् डा.विनय कुसियत कक्षा १ देखि ८ सम्मका लागि सरकारको पूर्ण लगानी हुनुपर्ने भन्दै त्यही अभिभावकले निजी विद्यालयमा प्रतिविद्यार्थी वार्षिक सरदर रु ३० हजार तिरेको तर सामुदायिक विद्यालयमा सरकारको लगानी प्रति विद्यार्थी वार्षिक रु दुई हजारमात्र रहेकाले गुणस्तरको सुनिश्चितता हुन नसकेको बताउँछन् ।

शिक्षा नीति तर्जुमाका लागि गठित सो आयोगले गत माघ १ गते प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझाएको थियो भने मन्त्रिपरिषद्को २०७६ कात्तिक १८ को बैठकले नीति स्वीकृत गरेको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले शिक्षाका लागि राष्ट्रिय अभियान नेपालको छलफल कार्यक्रममा नीतिको कार्यान्वयनका लागि विद्यालय तह, प्राविधिक शिक्षा र उच्चशिक्षाका लागि अलग अलग तीन संघीय ऐनको मस्यौदा भइरहेको जानकारी दिँदै नीतिलाई पालना गर्न स्रोतको सुनिश्चितता चुनौतीको विषय रहेको बताए ।

राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद्, विद्यालय व्यवस्थापन समिति जस्ता निकायलाई सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबीच कसरी समन्वय गराउने भन्नेमा छलफल भइरहेको उनको भनाइ थियो ।

नेपालमा स्थापना भई सञ्चालनमा रहेका सबै प्रकारका विद्यालयमा पूर्वाधार, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, गुणस्तर, परीक्षा तथा मूल्याकंन प्रणाली सम्बन्धमा समान ढाँचा बनाई लागू गर्ने र निजी लगानीमा सञ्चालित विद्यालय शिक्षकका लागि राष्ट्रिय मापदण्डका आधारमा शिक्षक छनोट, आपूर्ति, विकास र उपयोग गरिने सो नीतिमा उल्लेख छ ।

नेपालको संविधानको मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेन्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय संकल्पलाई नयाँ शिक्षा नीतिको आधार मानिएको छ ।

# कर्मचारीविहीन स्थानीय शिक्षा शाखा

**पाल्पा/रासस**–पाल्पाको स्थानीय तहमा शिक्षा शाखा कर्मचारीविहीन बनेको छ । कर्मचारीको अभावका कारण शाखाका काम कारवाही प्रभावित भएको छ । स्थानीय सरकारले शिक्षा शाखाका संयोजकको जिम्मेवारी अहिले रोजगार संयोजकलाई तोकिएको छ ।



जिल्लाको तानसेन नगरपालिका तथा बगनासकाली, तिनाउ र रिब्दीकोट गाउँपालिकामा मात्र शिक्षा शाखामा कर्मचारी छन् । त्यो पनि आवश्यकता अनुसार रहेको छैन् । बाँकी स्थानीय तहका शिक्षा शाखा अस्थायी र करार कर्मचारीका भरमा सञ्चालन छन् । फलस्वरुप शाखाका काम कारवाही प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन् ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको पाल्पाका छ स्थानीय तहमा शिक्षक तथा करारका कर्मचारीका भरमा शिक्षा शाखाका गतिविधि सञ्चालित छन् । रैनादेवसकी छहरा गाउँपालिकामा रोजगार संयोजक हरि पोखरेललाई शिक्षा शाखाको समेत जिम्मेवारी तोकिएको छ । रामपुर नगरपालिकाको हालत पनि उस्तै छ । रोजगार शाखाका संयोजकलाई शिक्षा शाखाको जिम्मेवारी प्रदान गरिएको छ । माथागढी गाउँपालिकामा पनि शिक्षा शाखाको संयोजकमा रोजगार संयोजक सुदिना ज्ञवालीलाई तोकिएको छ । तर ज्ञवालीले राजीनामा दिएपछि संयोजक शाखाको काम कारवाही अगाडि बढेको छ । गाउँपालिका प्रशासकीय अधिकृत दीपक नेपालीका अनुसार शिक्षाका सबै काम प्रशासन शाखाबाट हुँदै आएको छ ।

पूर्वखोला गाउँपालिकामा उद्धबुद्ध माविका प्रध्यानाध्यापक लोक हरि देवकोटाले शिक्षा शाखाका काममा सहजीकरण गरिरहेका छन् ।

अधिकांश समय विद्यालयको जिम्मेवारीमा रहनुपर्दा गाउँपालिकाले बोलाएको समयमा सल्लाह तथा सहजीकरण मात्रै गर्ने गरेको उनले बताए ।

निस्दी गाउँपालिकामा पनि शिक्षाको कर्मचारी नहुँदा स्रोत व्यक्ति हरिबहादुर सारुले शिक्षा शाखाका काम हेरिरहेका छन् ।

स्रोत व्यक्तिका सट्टामा नयाँ शिक्षक विद्यालयमा राखेर गाउँपालिकाले स्रोत व्यक्तिलाई गाउँपालिकामा तानिएका छन् ।

रम्भा गाउँपालिकामा शिक्षा शाखाको जिम्मेवारी स्रोत व्यक्ति काशीराम बस्याललाई दिएको छ । स्थानीय तहमा शिक्षाका कर्मचारी नहुँदा करारका कर्मचारी र शिक्षकलाई जिम्मेवारी प्रदान गर्न बाध्य भएको गाउँपालिकाले जनाएको छ । कर्मचारीको अभावमा शिक्षासम्बन्धी काम गर्दा ढिलासुस्ती र समस्या हुँदै आएका छन् ।

जिल्लामा २ सय प्राथमिक विद्यालय सञ्चालनमा छन् । त्यस्तै, ८८ निमावि र १ सय १५ मावि जिल्लामा सञ्चालित छन् । जिल्लाको तानसेन नगरपालिकामा शिक्षा शाखा उपसचिव रेशमलाल न्यौपाने र स्रोत व्यक्ति लक्ष्मी ढुङ्गाना, बगनासकाली गाउँपालिकामा शिक्षा अधिकृत गुनाराम खनाल, तिनाउ गाउँपालिकामा शिक्षा अधिकृत लक्ष्मी कुँवर तथा रिब्दीकोट गाउँपालिकामा शिक्षा अधिकृत मणि खनाल कार्यरत छन् ।

शिक्षा विकास तथा समन्वय एकाइ पाल्पाका शाखा अधिकृत विष्णुप्रसाद बेल्बासेका अनुसार स्थानीय तहका शिक्षा शाखाले प्रदेश र केन्द्रका कार्यक्रमसमेत सञ्चालन गर्नुपर्ने हुन्छ । केन्द्र र प्रदेशका काम गर्ने जिम्मा रहेको हुँदा शाखामा कर्मचारी नहुँदा समस्या बल्झिएको उनले बताए ।

शिक्षा, युवा तथा खेलकूद मन्त्रालयका काम पनि स्थानीय शिक्षा शाखाले गर्नुपर्ने हुन्छ । प्रत्येक वर्ष युवा तथा खेलकूद मन्त्रालयले एक लाख खेलकूदका क्षेत्रमा खर्च हुँदै आएको छ । त्यसबाहेक स्थानीय तहका शिक्षासम्बन्धी बैठक, तालीम, अनुगमनका कामसमेत गर्नुपर्ने अवस्थामा कर्मचारी नहुँदा स्थानीय तहमा शिक्षाका कामको व्यवस्थापनमा चुनौती थपिएको छ ।

प्राथमिक तहमा एक हजार ८ सय ५ शिक्षक कार्यरत छन् । तीमध्ये ५ सय ९६ स्थायी र २ सय ९ राहत दरबन्दीका शिक्षक कार्यरत छन् । निमाविमा तहमा स्वीकृत ३ सय २३ दरबन्दीमध्ये १ सय ५८ राहत गरी ४ सय ८१ शिक्षक कार्यरत छन् । मावि ९ देखि १० कक्षासम्म २ सय ४९ र मावि कक्षा ११ र १२ मा ६१ शिक्षक अझै आवश्यक छ । शिक्षकलाई तलब भत्ता तथा अवकाश नियमित प्रक्रियाको चाजोपाँजो मिलाउन स्थानीय तहलाई अहिले चुनौती थपिएको हो । करारका कर्मचारी भरमा शिक्षा शाखा सञ्चालनले स्थानीय तहलाई शिक्षाप्रति बेवास्ता गरिएको शिक्षाविद्को दाबी छ । अस्थायी करारका कर्मचारीका भरमा शिक्षा सञ्चालनले शिक्षा क्षेत्र कमजोर हुँदै जाने संकेत देखिएको शिक्षक बताउँछन् ।

# अम्लेखगञ्जमा खानेपानीको अभाव

**निजगढ/मस**–बाराको अम्लेखगञ्जमा खानेपानीको अभाव भएको छ ।

करिब आठ दशकअघि गुल्जार शहरका रूपमा परिचित ऐतिहासिक शहर अम्लेखगञ्जमा पुस नसकिँदै खानेपानीको अभाव भएको हो ।

नेपाल पर्यटन वर्ष २०२० को चर्चा-परिचर्चा शुरु भइरहेको र नेपाल पर्यटन वर्ष २०२० आउँनै लाग्दा सो क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरूले आवश्यक मात्रामा पानीको प्रयोग गर्न नपाएका हुन् । यस पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरू आउने-जाने गर्दछन् ।

पर्सा राष्ट्रिय निकुञ्ज, हात्ती सफारी, जङ्गल सफारी, पैदल सफारी, रेल्वे क्षेत्र, चुरे पहाड र कामिनी दह लगायतका पर्यटकीय क्षेत्र रहेको भए पनि पर्यटकलाई आवश्यक पर्ने पानीको अभावमा हुँदा पर्यटन व्यवसाय सङ्कटमा परेका छन् ।

राणा प्रधानमन्त्री देवशम्शेरले २४ लाख लिटर क्षमताको खानेपानी ट्याङ्की विसं १८९६ मा निर्माण गरी विसं १९५३ बाट सञ्चालनमा ल्याएको भए पनि अहिले सो ट्याङ्कीमा पानी सुक्दै गएको र अरू विकल्प केही नहुँदा पर्यटकीय गन्तव्य अम्लेखगञ्जवासी नै सङ्कटमा परेका छन् ।

पर्यटकीय क्षेत्रका रूपमा रहेको अम्लेखगञ्जमा खानेपानीका लागि कुनै पहल नहुँदा यसैका कारण आफूहरू विस्थापित हुने अवस्थामा पुगेको स्थानीय होटल व्यवसायीले बताएका छन् ।

# सार्वजनिक जग्गा व्यक्तिको नाममा

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १५ पुस

सिरहामा सार्वजानिक जग्गा व्यक्तिको नाममा दर्ता भएको पाइएको छ ।

सिरहा नगरपालिका वडा.नं. १२ (साबिक गाउँ विकास समिति सारश्वर ८) (ग) कित्ता नं. १२७ को जग्गा मालपोत कार्यालय सिरहाका कर्मचारीको मेलोमतोमा व्यक्तिको नाममा दर्ता भएको रहस्य खुलेको हो ।

उक्त सार्वजनिक जग्गामा तत्कालिन सांसद पारो देबी यादवले धर्मशाला बनाउन शिलान्यास गरी सकेकोमा आ.व. ०७३/७४ मा तत्कालिन संविधान सभा सदस्य



आशा देबी यादव को नि.क्षे.वि.का. कोषबाट ८ लाख ५० हजार रुपैयाँको लागतमा वडा नं. ६ बस्ने दशैं पासवानको अध्यक्षतामा निर्माण समितिद्वारा धर्मशााला बनाउने काम सम्पन्न भइसकेको छ ।

उक्त जग्गा नापी कार्यालय सिरहा शाखाको फिल्ड बुकमा जग्गावालाको नामको महलमा पर्ती र चार किल्लामा पूर्व १६२, पश्चिम- सिमाना, उतर २३ र दक्षिणमा १२८, किसिम ७ को प्रति उल्लेख भएको कैफियतमा ऐलानी लेखिएको छ । जसमा सारश्वर ८ का सम्पूर्ण जनताको माग अनुसार सार्वजनिक पाहुना घर बनाउन तत्कालिन नमूना गाउँ विकास समितिको कार्यालय सारश्वरले प.स. ०६९/७० च.नं.५०५ को पत्र लेखेको छ ।

हाल उक्त जग्गा जिल्ला धनुषा इनर्वा-६ बस्ने श्याम कुमार गोइतको पत्नी र अजवलाल भिन्दवारकी छोरी प्रतिमा देवी गोइतको नाममा दर्ता रहेको रहस्य खुलेको छ । यस विषयमा भूमि सुधार तथा मालपोत कार्यालय सिरहाका प्रमुख मोहन सिंह दर्जीका अनुसार आफू केही दिन पहिला मात्रै आएकोले केही थाहा नभएको र अब सत्य तथ्य के हो ? त्यो बुझी गलत भएको देखिए कानून अनुसार कारवाहीको लागि सिफारिस गरिने बताए ।


## Vehicle Price List (MRP)

(Effective from 1st Jan, 2020)

| S.N | Model | MRP |
|---|---|---|
| | **ICV Range** | |
| 1 | Ecomet 1012 5 CuM BB Tipper | 3,300,000.00 |
| 2 | ECOMET 1012il 2850 MM CBC | 2,820,000.00 |
| 3 | Ecomet 1212 6 CuM BB Tipper | 3,620,000.00 |
| 4 | Ecomet 1012 / 3250 CBC 14.2 FT STRONG | 3,020,000.00 |
| 5 | Ecomet 1212 / 3970 CBC 17.2 FT | 3,180,000.00 |
| 6 | Ecomet 1212 / 3970 HSD 17.2 FT STRONG | 3,370,000.00 |
| 7 | Ecomet 1212 / 4200 CBC 19.0 FT | 3,230,000.00 |
| 8 | Ecomet 1212 / 4200 HSD 19.0 FT STRONG | 3,420,000.00 |
| 9 | Ecomet 1214 / 4200 HSD 19.0 FT STRONG | 3,590,000.00 |
| 10 | Ecomet 1214 / 4750 SL. Cab HSD 20.0 FT STRONG | 3,650,000.00 |
| 11 | 1212-3970 -7KL | 4,580,000.00 |
| 12 | 1214-4750-9KL | 5,140,000.00 |
| | **MCV / HCV Range** | |
| 1 | 1616il / 4330 CWC 18.0 FT | 3,210,000.00 |
| 2 | 1616il/1 / 4700 CWC 20.0 FT | 3,390,000.00 |
| 3 | 1616il/2C 4700 Cargo Cab Chassis 20FT SLP | 3,540,000.00 |
| 4 | 1616 il/2 Cowl Chassis 5334 WB (24 Ft. Load Body) | 3,300,000.00 |
| 5 | 1616il/2 / 5334 FBT 24.0 FT Container | 4,140,000.00 |
| 6 | 1616il/3C / 5334 Cargo Cab CBC 24.0 FT | 3,470,000.00 |
| 7 | 1616il CBC SFTG | 3,520,000.00 |
| 8 | 1618il Cargo 7.5 CuM FBT TIP | 4,480,000.00 |
| 9 | 2516il 6x2 CWC with ABS | 4,020,000.00 |
| 10 | 2516il 6x4 CWC (w/o ABS) | 4,140,000.00 |
| 11 | 2518 il 6X2 CBC Chassis W/O ABS | 4,450,000.00 |
| 12 | 2518 il 6X4 Cargo SL Cab Chassis w/o ABS | 4,800,000.00 |
| 13 | 3118il / 5350 CWC 24.0 FT Lift Axle | 5,050,000.00 |
| 14 | 3718il / 6600 CWC 27.5 FT Lift Axle | 6,180,000.00 |
| 15 | U3123 8x4 SLP CBC with Bogie Suspension | 7,420,000.00 |
| 16 | U2518il T12 CBM 9S Bogie | 6,500,000.00 |
| 17 | Captain 2523 HR 12 CBM Mining tyre | 8,680,000.00 |
| 18 | N2832 T HD Tipper | 9,900,000.00 |
| 19 | U 3518 4X2 Tractor - ABS & SLD | 4,150,000.00 |
| 20 | U 4019 4X2 Tractor - ABS & SLD | 4,480,000.00 |
| 21 | U 4923 6x4 Bogie WSM STD | 7,500,000.00 |
| 22 | 2518ilH3/4C with 7 Cbm RMC | 7,020,000.00 |

| S.N | Model | MRP |
|---|---|---|
| | **Bus Range** | |
| 1 | Lynx Smart 3900 (Stag) 32+D | 2,620,000.00 |
| 2 | Lynx Smart 4200 (Stag) 34+D | 2,620,000.00 |
| 3 | Lynx Smart 4900 (Stag) | 2,820,000.00 |
| 4 | Lynx Smart 5200 (Stag) 46+D | 2,770,000.00 |
| 5 | MiTR 3700 26+D | 3,460,000.00 |
| 6 | MiTR 3700 3x2 (34+D) | 3,370,000.00 |
| 7 | MiTR 4270 2x2 (32+D) | 3,540,000.00 |
| 8 | MiTR 4270 3x2 (39+D) | 3,630,000.00 |
| 9 | Lynx Strong 4900IL W ED 40+D / 47+D 3*2 STD GTVS | 4,810,000.00 |
| 10 | Lynx Strong 4900IL W ED 47+D 3*2 STD STF | 3,790,000.00 |
| 11 | Lynx Strong 4900IL W ED 54+D STD SB 3*3 SCH | 3,800,000.00 |
| 12 | Lynx Smart 4200IL W ED 34+D STD SB SCH | 3,760,000.00 |
| 13 | LS 3900 Fully Built School Bus | 3,940,000.00 |
| 14 | LS 4200 Fully Built School Bus | 4,190,000.00 |
| 15 | LS 4900 Fully Built School Bus | 4,030,000.00 |
| 16 | LS 5200 Fully Built School Bus | 4,370,000.00 |
| 17 | LS 3900 Fully Built Staff Bus | 3,700,000.00 |
| 18 | LS 4200 Fully Built Staff Bus | 4,190,000.00 |
| 19 | LS 4900 Fully Built Staff Bus | 4,220,000.00 |
| 20 | LS 5200 Fully Built Staff Bus | 4,480,000.00 |
| 21 | Cheetah 176" CWC | 3,110,000.00 |
| 22 | Cheetah 203" CWC | 3,040,000.00 |
| 23 | VIKING 222" CWC | 4,010,000.00 |
| | **DOST Pick up Range** | |
| 1 | DOST Strong HSD PS | 2,023,000.00 |
| 2 | DOST Strong FSD PS | 1,994,000.00 |
| 3 | DOST Strong CBC PS | 1,950,000.00 |
| 4 | DOST Lite FSD | 1,790,000.00 |
| 5 | DOST PLUS FSD | 2,219,000.00 |
| 6 | DOST PLUS LS CBC | 2,165,000.00 |
| 7 | DOST PLUS LS HSD | 2,253,000.00 |
| 8 | Dost Plus (LX) HSD AC Option | 2,380,000.00 |
| 9 | DOST Strong CONTAINER | 2,030,000.00 |
| 10 | DOST PLUS LS STEEL CONTAINER | 2,266,000.00 |
| | **DOST Express** | |
| 1 | DOST Express Passenger CBC | 2,172,000.00 |

IME MOTORS
Corporate Office:
Panipokhari, Kathmandu
Tel: +977-1-4002572 / 4002573

ASHOK LEYLAND



**सिस्ने गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रुकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

## औषधीजन्य मालसामान तथा उपकरण खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं. २१/२०७६/०७७
प्रथम पटक प्रकाशन मितिः २०७६/०९/१६

सिस्ने गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आ.व. ०७६/०७७ मा निशुल्क वितरणका लागि आवश्यक पर्ने औषधीजन्य मालसामान तथा उपकरणहरु खरिद गर्ने प्रयोजनको लागि यो शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, वा कम्पनीले सूचनामा तोकिएको म्याद भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ ।

**शर्तहरुः**

१. कार्यालयको सूचना प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समय भित्र रु. १,०००।- (अक्षेरेपी एक हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाइ वा यस सिस्ने गाउँपालिकाको नाममा नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको संचित खाता नं. १८९०३००००००००४००१००४ मा रकम जम्मा गरेको सक्कल भौचर बुझाई दरभाउ पत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले नवीकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्न इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फार्म दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र आएर दर्ता प्रमाण पत्र तथा म्याद दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ ।

